का.जि.प्र.का.द.नं. १००/०५९/६०
२७ साउन २०८१,
आइतबार
11 August, 2024
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक


ईपेपर हेर्न

वर्ष २२, अंक १८० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




## देउवालाई प्रधानमन्त्रीमा रोक्ने प्रयास !

**वर्तमान सत्ता समीकरणमा समस्या नआए दुई वर्षपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्नेछन् । प्रतिनिधि सभामै सुनाइएको यस्तो सहमति कार्यान्वयनमा असर गर्न सक्ने प्रस्ताव कांग्रेस केन्द्रीय समितिमा प्रस्तुत भएपछि नेताहरू पक्ष र विपक्षमा प्रस्तुत भएका हुन् ।**



**शिव विक/मध्यान्ह**
काठमाडौं, २६ साउन ।

एक व्यक्ति कतिपटक प्रधानमन्त्री हुन पाउने भन्ने प्रस्तावले नेपाली कांग्रेसको केन्द्रीय समितिको बैठक तरंगित भएको छ । महामन्त्री विश्वप्रकाश शर्माले केन्द्रीय समितिको बैठकमा प्रस्तुत गरेको प्रतिवेदनमा एक व्यक्ति दुई पटक भन्दा बढी प्रधानमन्त्री बन्न नपाउने उल्लेख छ ।

महामन्त्री शर्माले समसामयिक विषयको प्रतिवेदनमा यस्तो प्रस्ताव गरेका हुन् । महामन्त्री शर्माले नेतृत्व बहिर्गमनका लागि राष्ट्रपति एकपटक, प्रधानमन्त्री दुईपटक, मन्त्री तीन पटक र सांसद बढीमा चार पटक हुन पाउने प्रस्ताव बैठकमा छलफलका लागि पेस गरेका छन् ।

त्यसपछि नेताहरू कतिपटक प्रधानमन्त्री हुने कुरा पार्टीको विधानमै तोक्न जरूरी छ वा छैन भन्ने बहसमा उत्रिएका हुन् । वर्तमान सत्ता समीकरणमा समस्या नआए दुई वर्षपछि नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा प्रधानमन्त्री बन्नेछन् ।

प्रतिनिधि सभामै सुनाइएको यस्तो सहमति कार्यान्वयनमा असर गर्न सक्ने प्रस्ताव कांग्रेस केन्द्रीय समितिमा प्रस्तुत भएपछि नेताहरू पक्ष र विपक्षमा प्रस्तुत भएका हुन् ।

शुक्रबारको बैठकमा डा. प्रकाशशरण महत र परराष्ट्रमन्त्री समेत रहेकी कांग्रेसकी नेतृ आरजु राणा देउवाले पार्टीका तर्फबाट प्रधानमन्त्री बन्ने कुरामा समय किटान गर्न नहुने तर्क गरे ।

नेताहरूका अनुसार राणाले भनेकी छन्, 'प्रधानमन्त्री कति पटक बन्न पाउने भन्ने विषयमा कुनै प्रावधान पार्टीको विधानमा »» पृष्ठ २ मा

## संस्कृतका आचार्य दमाई र विश्वकर्मा

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २६ साउन ।





संस्कृतमा स्नातकोत्तर गरेका कृष्ण दमाई र लेखबहादुर विश्वकर्मा पशुपतिमा जारी कोटीहोम महायज्ञमा श्रीमद्भागवत कथा बाचनका कारण चर्चामा छन् ।

उनीहरु चर्चामा आउनुमा नेपाली समाजको परम्परागत मान्यता मूल कारण हो । किनकि संस्कृत शास्त्रको अध्ययन जातका आधारमा मात्र गर्न पाइने मान्यता रहिआएको छ । तर मुलुककै ठूलो धार्मिक पीठमा कृष्ण दमाइ र लेखबहादुर विश्वकर्माले कथा बाचन गरिरहेका छन् ।

उनीहरुलाई पुराणका प्रवक्ता बालयोगेश्वर विजय कृष्णमुर्तीले फूल मालासहित दोसल्ला ओढाएर अभिनन्दन गरेका थिए । नेपाल संस्कृत विश्वविद्यालयबाट संस्कृत साहित्यमा आचार्य गर्ने दलित समुदायका प्रथम आचार्य हुन्, कृष्ण दमाई । दलित माथि हुने सामाजिक विभेदलाई चुनौती दिनकै लागि संस्कृत बिषय लिएर अध्ययन गरेको उनी बताउँछन् ।

शुरूमा संस्कृत विषय पढ्दाखेरि कतिपयले जिस्काउने गरेको सम्झदै उनी भन्छन् 'जसरी पनि म संस्कृत पढ्छु भन्ने थियो, मैले पढे, शास्त्रमा जातभन्दा कर्मलाई महत्व दिएको छ, कर्म गर्न जात बाधक बन्नु हुँदैन ।'

पशुपतिमा कोटीहोम महायज्ञ शुरू भएदेखि नै कृष्ण दमाईको चर्चा हुन थालेको थियो । हिन्दु धर्ममाथि लागेको जातीय कलंक मेटाउनुपर्छ भन्ने आवाज उठाउँदै आएका सामाजिक अभियन्ताहरूले सामाजिक सञ्जालमा अभियान नै चलाएका थिए ।

दमाईलाई स्वागत तथा अभिनन्दन गरिसकेपछि कोटीहोम महायज्ञका मुख्य प्रवक्ता राजानन्द माण्डव्यले आफूले पाप पखाल्ने अवशर पाएको बताएका छन् । उनले जन्मले जेसुकै भएपनि कर्मले ब्राह्मणत्व प्राप्त गरिसकेकाले दमाईलाई ब्यासमा आसीन भएको देख्दा समाजमा सकारात्मक सन्देश गएको बताए । उनी भन्छन्, 'मैले सत्कर्म गरे भन्ने लाग्छ, म ब्राह्मणको छोरो »» पृष्ठ २ मा

## माओवादीले सम्झियो आफ्नै एजेण्डा

**संविधान संशोधनका लागि सरकारले गृहकार्य अगाडि बढाउन खोजिरहेका बेला प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको प्रस्ताव अगाडि सारेको हो ।**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २६ साउन ।

प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको प्रस्ताव अगाडि सारेको छ । संविधान संशोधनका लागि सरकारले गृहकार्य अगाडि बढाउन खोजिरहेका बेला माओवादी केन्द्रले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको प्रस्ताव अगाडि सारेको हो ।

माओवादी केन्द्रको स्थायी कमिटीको बैठकमै यो प्रस्तावमाथि छलफल भएको छ । स्थायी कमिटीको छलफलपछि कार्यकारी राष्ट्रपतिको एजेण्डालाई अघि सार्ने नीति तय भएको पार्टीका उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिए ।

राजनीतिक स्थायित्वका लागि कार्यकारी राष्ट्रपतिको विकल्प नभएको माओवादीको संस्थागत धारणा भएको उनले बताए ।

'कार्यकारी राष्ट्रपतिमा जानुपर्छ भन्नेमा अडिग छौं । संविधान निर्माणका बेला यही प्रस्ताव राखेका थियौं । अन्य दलहरू तयार नहुँदा नोट अफ डिसेन्ट पनि लेखेका थियौं' सापकोटाले भने ।

नेपालको संविधान २०७२ जारी हुँदा माओवादी केन्द्र प्रमुख प्रतिपक्षमा थियो । अहिले पनि माओवादी केन्द्र प्रमुख प्रतिपक्षमै छ । संविधान जारी हुँदा सरकारमा रहेका नेपाली कांग्रेस र नेकपा एमालेले नै अहिले सरकार बनाएका छन् । प्रतिनिधि सभामा दुई ठूला दलले सरकार बनाउँदा संविधान संशोधन गर्ने सहितका विषयमा समझदारी गरेका छन् ।

कांग्रेस र एमाले नेतृत्वको सरकारले संविधान संशोधनका लागि आवश्यक गृहकार्य अगाडि बढाउन खोजिरहेका बेला माओवादी केन्द्रले प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको प्रस्ताव अगाडि सारेको हो ।

'अस्थिरताको कुरा गरिँदैछ । कांग्रेस र एमालेले स्थायित्व नै चाहेको हो भने पाँच वर्षसम्म महाअभियोगको कुरा त हुन्छ, अन्यथा राष्ट्रपति फेरिँदैन । यसकारण प्रत्यक्ष निर्वाचित राष्ट्रपतिले स्थायित्व दिन सक्छ' सापकोटाले भने ।

प्रवक्ता सापकोटाका अनुसार माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले यही विषय स्थायी कमिटीको बैठकमा राखेका »» पृष्ठ २ मा



प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको विषय आधिकारिक र पार्टीको संस्थागत निर्णय भएको छ । हाम्रो प्रस्ताव अनुसार प्रदेशमा मुख्यमन्त्री पनि प्रत्यक्ष कार्यकारी हुनेछन् ।

**अग्निप्रसाद सापकोटा**
**उपाध्यक्ष, माओवादी केन्द्र**

### वैदेशिक रोजगार विशेष

## मलेसियामा सुरक्षाका नाममा नयाँ बीमा कार्यक्रम

**मध्यान्ह संवाददाता**
काठमाडौं, २६ साउन

मलेसिया सरकारले कामदारको सुरक्षाका लागि 'प्रकेसो' नामको नयाँ बीमा कार्यक्रम शुरु गरेको छ । रोजगारीको क्रममा जुनसुकै समयमा हुने चोट वा क्षतिबाट कामदारलाई राहत दिने उद्देश्यअनुसार लागू गरिएको उक्त बीमा कार्यक्रममा कामदारले मासिक तलबको शून्य दशमलव ५ प्रतिशत र रोजगारदाताले मासिक तलबको १ दशमलव ७५ प्रतिशत योगदान गर्नुपर्नेछ ।

जसअनुसार मासिक न्यूनतम १५ सय रिंगेट तलब पाउने कामदारले मासिक ७ रिंगेट अर्थात वार्षिक ८४ रिंगेट र रोजगारदाताबाट २५ रिंगेट भुक्तानी गर्नुपर्नेछ । यस कार्यक्रमले रोजगारीको क्रममा चौबिसै घण्टा जहाँ जुन अवस्थामा चोटपटक लागे पनि कभर गर्ने बताइएको छ । यसले घाइते वा निको हुन सक्ने रोग लागेका कामदारलाई काममा चाँडै, स्वस्थ र सुरक्षितरुपमा फर्कन मद्दत पुऱ्याउने मलेसियाका सरकारी अधिकारीहरुले बताएका छन् ।

केही रोजगारदाताहरुले सरकारले अगाडि सारेको योजनाले उत्पादनको लागत बढाउने भन्दै असन्तुष्टि जनाएको मलेसियाका सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् । मलेसियामा पछिल्लो विवरणअनुसार २३ लाखभन्दा बढी विदेशी कामदार रहेका छन् ।

मलेसियामा औद्योगिक, निर्माण, सेवा, वृक्षारोपण, कृषि, घरेलु काम र खानी तथा उत्खनन क्षेत्रमा २३ लाख ७ हजार ७ सय ४६ विदेशी कामदार रहेको मलेसियाको मानव संशाधन मन्त्रालयले जनाएको छ ।

त्यसमध्ये औद्योगिक क्षेत्रमा सबैभन्दा बढी ७ लाख ३० हजार ९ सय ९९, निर्माण क्षेत्रमा ६ लाख ४६ हजार ५ सय ८, सेवा क्षेत्रमा ३ लाख ९४ हजार ७ सय ३९, वृक्षारोपण अर्थात प्लान्टेशन क्षेत्रमा २ लाख ६३ हजार १ सय ५१, कृषि क्षेत्रमा १ लाख ७१ हजार १ सय ३ तथा घरेलु कामदारमा १ लाख ६ सय ७५ विदेशी कामदार रहेका छन् । अध्यागमन विभागका अनुसार गत जुलाई »» पृष्ठ २ मा

## बाँदरको त्राहिमाम्

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाची, २६ साउन ।



कानूनले बाँदर मार्न पाइँदैन, बाँदरले किसानलाई बाँच्न दिएन । सबै गाउँले मिलेर बाँदर धपाउने अभियान चलाउँदा पनि सफल हुन सकिरहेको छैन ।

**खेमराज चुदाली**
**वडाध्यक्ष, भूमिकास्थान नगरपालिका ९, अर्घाखाँची**

ग्रामीण भेगका किसानलाई बाँदर आतंक टाउको दुखाइको विषय बनेको छ । मानव बसोबास पातलिएपछि बाँदर लगायतका जंगली जनावरले दुःख दिँदा कैयन गाउँ नै विस्थापित हुने अवस्थामा पुगेका छन् । यस्तो समस्याबाट प्रभावित एक जिल्ला हो - अर्घाखाँची । अर्घाखाँचीमा बाँदर आतंकले अन्नबाली नोक्सानी गर्न थालेपछि किसानहरु चिन्तित बनेका छन् । जिल्लाका सबै पालिकामा बसोबास गर्ने स्थानीय बाँदर आतंकका कारण समस्यामा परेका छन् ।

'खेती जोगाउन नसकेर हैरान परिसक्यौं, अब त बसाइँ सराइ गर्नुबाहेक विकल्प छैन्' भूमिकास्थान नगरपालिका वडा नम्बर ९ सुवणखाल घडेरिडाँडाका सालिकराम दमासेले भने । उक्त गाउँमा १० घरधुरी किसान बसोबास गर्छन ।

स्थानीयका अनुसार घरमा भित्र रहेको अन्नपात समेत बाँदरले खाइदिने गरेको छ । »» पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीका लागि निम्न कर्मचारीहरु आवश्यक भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
★ Manager - 1 (M/F)
★ Documentation - 2 (M/F)
★ P.R.O. - 3 (M/F)
★ Accountant - 1 (M/F)
★ Receptionist - 1 (F)
तलब आपसी समझदारीमा तय गरिनेछ ।
Manager को हकमा मेनपावर क्षेत्रमा कम्तिमा ५ वर्षको अनुभव भई Bachelor Pass गरेको र अन्यको हकमा कम्तिमा २ वर्षको अनुभव भई अंग्रेजी राम्रो सँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ । इच्छुक व्यक्तिले आफ्नो बायोडाटा empowerhr1150@gmail.com मा इमेल गर्नुहोला ।
Empower Huntr
HR Solution Pvt. Ltd
Sinamangal-9, Kathmandu, Nepal
Gov. Lic No. 1150/073/074
Phone No. 014560542, 4450541. Mob. No.: 9861789909

# कांग्रेस–एमाले गठबन्धन सरकार धेरै दिन टिक्दैनः पुन

**काठमाडौं/मस-** नेकपा माओवादी केन्द्रका उपमहासचिव वर्षमान पुन अनन्तले वर्तमान कांग्रेस-एमाले गठबन्धन सरकार धेरै दिन नटिक्ने बताएका छन् । पार्टी सम्बद्ध काठमाडौं-रोशी गाउँपालिका (काभ्रे) सम्पर्क समितिको पालिका भेलालाई शनिबार राजधानीमा सम्बोधन गर्दै पुनले सरकार लामो समय नचल्ने बताए ।

सरकारमा भएर पनि काँग्रेस-एमाले पंक्तिको मनोबल खस्किएको भन्दै उनले दुवै दलका नेताले आफूहरुसँगको अनौपचारिक कुराकानीमा सरकार हनिमुन अवधि (एक सय दिन) कटाउन मुस्किल रहेको बताउन थालेको दाबी उनको थियो । आफूहरुको प्राथमिकतामा सरकार नरहेको तर, चाहेको अवस्थामा यो सरकार ढाल्न कुनै समस्या नभएको उनको भनाइ थियो ।

उनले नयाँ सरकार बनेपछि कांग्रेस-एमालेमा आन्तरिक किचलो बढेको समेत बताए । एमालेले लुम्बिनी प्रदेशमा दल नेता बाहेकका व्यक्तिलाई मुख्यमन्त्री बनाएपछि दल नेताले राजीनामा दिएको, नेकपाकालमा केपी ओलीविरुद्धको संघर्षमा माधव नेपाललाई साथ दिएका नेताहरुलाई पाखा लगाइएको र कांग्रेस-एमाले दुवै दलले केही गरौं भन्ने भावना भएकालाई रोकेर विवादित पृष्ठभूमिका र राज्य दोहनमा संलग्नहरुलाई मन्त्री बनाएका कारण असन्तुष्टि चुलिएको उनको भनाइ थियो । पुनले कांग्रेसका दुवै महामन्त्रीले एमालेसँग गठबन्धन गर्नुको अर्थ उसका कमजोरीको भारी बोक्ने होइन भन्दै गिरीबन्धु टी स्टेट प्रकरणको छानबिन हुनुपर्ने अडान लिनुले ओली सरकारको जग हल्लिन थालेको तर्क पुनले गरे ।

भ्रष्टाचार, तस्करी, अनियमितता, राज्य दोहनका विरुद्ध र सुशासनका पक्षमा उभिएका कारण आफ्ना अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार ढालिएको पुनले बताए ।



पुनले गिरिबन्धु टीस्टेट, बालुवाटार र बालमन्दिर जग्गा हिनामिना प्रकरण, विगतमा कांग्रेस-एमाले संलग्न भएका भ्रष्टाचार, तस्करी र राज्य दोहनबारे सरकारले छानबिन थालेपछि र बेचन झा पक्राउ परेपछि केही बिचौलिया र दलाल पुँजीपति समूले आफ्नो स्वार्थमा कांग्रेस-एमाले मिलाएको आरोप लगाए । कांग्रेस-एमालेसँगै सरकारमा राखेपछि माओवादीलाई आफूजस्तै भ्रष्टाचार, तस्करी, अनुचित लेनदेन, र सरकारी सम्पत्ति हडप्ने काममा लाग्छ भन्ने ठानेको तर, सरकार सहयात्री दल र आफ्नै पार्टी नेतालाई समेत आरोप लागेपछि छानबिनको दायरामा ल्याएपछि आत्तिएर रातारात सरकार ढालेको दाबी उनले गरे । प्रचण्डसहित माओवादी नेतृत्वले पटकपटक आफ्नै पार्टीका नेता कार्यकर्ता भ्रष्टाचार, तस्करी र राज्य दोहनमा संलग्न भए माफी नहुने बताएको भन्दै उनले कांग्रेस-एमालेबाट त्यस्तो प्रतिबद्धता आउनुको साटो उल्टै संरक्षण गर्ने काम भएको टिप्पणी गरे ।

पुराना पार्टीहरुलाई विगतमा आफूहरुले भ्रष्टाचार, तस्करी, राज्यदोहन, र अनैतिकताका संरक्षक संरक्षक हुन भन्ने गरेको चर्चा गर्दै राजनीतिक व्यवस्था परिवर्तनपछि सुध्रिए होलान् भन्ने ठान्नु गल्ती भएको भएको उल्लेख गरे ।

पुनले गिरिबन्धु टीस्टेट, नक्कली भुटानी शरणार्थी प्रकरण, सरकारी जग्गा हिनामिना र सतहमा आएका राज्य दोहनका विभिन्न घटनामाथि छानबिन नभए सरकारविरुद्ध जनप्रतिरोध हुने चेतावनी दिए ।

# परियार मित्रता समाज कतारको पाँचौं अधिवेशन सम्पन्न, नेतृत्वमा सुमन सर्वसम्मत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २६ साउन



परियार मित्रता समाज कतारको पाँचौं अधिवेशन सम्पन्न भएको छ । दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट सुमन नेपाल परियारको अध्यक्षतामा तेह्र सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको छ ।

समाजको आगामी एक कार्यकालका लागि सर्वसम्मत निर्वाचित कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा गुप्त परियार, उपाध्यक्ष बालन परियार, महिला उपाध्यक्ष अनिता परियार, महासचिव प्रताप चाहार, सचिव प्रकाश परियार, कोषाध्यक्ष छविलाल परियार र सह कोषाध्यक्ष सालिक परियार रहेका छन् ।

त्यस्तै कार्यसमिति सदस्यहरूमा अमरसिंह परियार, श्याम परियार, विनोद परियार, रिया परियार र पुनम परियार रहेका छन् । सर्वसम्मत निर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक बालकृष्ण भित्रिकोटीले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए ।

विविध सांगीतिक प्रस्तुति सहित सम्पन्न अधिवेशनको खुल्ला सत्र समाजकी का.वा. अध्यक्ष उषा परियारको अध्यक्षता तथा कतारका लागि नेपाली का.वा. राजदूत कुमार राईको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो । खुल्ला सत्रमा कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधि सहित विभिन्न व्यक्तित्वहरूको उपस्थिति र शुभकामना मन्तव्य रहेको थियो । कार्यक्रममा दर्जन भन्दा बढी वक्ताहरूले आफ्ना शुभकामना मन्तव्य राखेका थिए भने समाजका महासचिव सुनिल परियारले पेस गरेको संस्थागत प्रगति प्रतिवेदनको सह्राना गरेका थिए ।

आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि राईले नेपाल बहुभाषिक बहुधार्मिकका रूपमा संविधानमा उल्लेख गरिएतापनि २१ औ शताब्दीमा पनि जातियताका नाममा विभेद देखिएको हुँदा राज्य अझै गम्भीर बन्नुपर्ने बताए । उनले राज्यले पुन एक पटक सोच्नै पर्ने समय आएको बताए ।

पञ्चेबाजालाई पूजा गर्दै शुभारम्भ गरिएको अधिवेशनमा कतारमा स्थापित दर्जन भन्दा बढी कलाकारले सांगीतिक प्रस्तुति दिएका थिए । अधिवेशन मार्फत समाजका संरक्षक, प्रमुख सल्लाहकारसहित समाजलाई विभिन्न कालखण्डमा सहयोग गर्ने सहयोगी, पत्रकार, कलाकार तथा खेलाडीहरूलाई सम्मान गरिएको थियो ।

अधिवेशनको खुल्ला सत्रमा समाजका संस्थापक सह-कोषाध्यक्ष सुमन नेपालले स्वागत मन्तव्य राखेका थिए भने महासचिव परियार र अनिल परियारले मिलेर सहजीकरण गरेका थिए । खुल्ला सत्रको समापन गर्दै अध्यक्ष परियारले हलमा उपस्थितसहित विभिन्न कोणबाट अधिवेशन सफल बनाउन सहयोग गर्ने सबैलाई संस्थागत रूपमा धन्यवाद ज्ञापन गरिन् । कार्यक्रममा नौमती बाजा बज्दा माहौल जुरुक्क बनेको थियो भने अधिवेशनमा उपस्थित सबै बाजातालमा झुमेका थिए ।

# अम्बिकेश्वरी मन्दिरको अध्यक्षमा अधिकारी

**सपना बोहरा/मध्यान्ह**
दाङ, २६ साउन



दाङको घोराही उपमहानगरपालिका वडा नं. १८ स्थित अम्बिकेश्वरी मन्दिर व्यवस्थापन समितिको अध्यक्षमा पूर्वप्राध्यापक नारायण अधिकारी निर्वाचित भएका छन् । समितिको नयाँ नेतृत्वका लागि शनिबार भएको निर्वाचनमा ४ मतको अन्तरले अधिकारी अध्यक्षमा निर्वाचित भएका हुन् ।

निर्वाचनको मत गणना सकिएपछि शनिबार राति सार्वजनिक मतपरिणामअनुसार अधिकारी १ सय २१ मत ल्याएर निर्वाचित भएका हुन् । उनका प्रतिद्वन्द्वी महेन्द्र खनालले १ सय १७ मत प्राप्त गरेका थिए । खनाल र अधिकारी दुवै जना नेकपा एमाले निकट हुन् । यस्तै उपाध्यक्षमा श्रीधर भण्डारी निर्वाचित भएका छन् भने महिला उपाध्यक्षमा निरजा पोखरेल, सचिवमा दामोदर भुसाल र कोषाध्यक्षमा माधव चौधरी निर्विरोध निर्वाचित भएका छन् । अन्य सदस्यहरुका लागि पनि निर्वाचन भएको थियो ।

अध्यक्षमा निर्वाचित भएपछि अधिकारीले मन्दिरको विकास र प्रवर्द्धनमा सबैको साथ र सहयोगले अगाडि बढ्ने बताएका थिए । निर्वाचनमा जिताउन सहयोग गर्ने सम्पूर्ण मतदाता, निर्वाचन समिति, सुरक्षाकर्मीसहित शुभेच्छुक सबैमा धन्यबाद व्यक्त गरे ।

अधिकारी महेन्द्र बहुमुखी क्याम्पस घोराहीमा लामो समयदेखि शिक्षण पेशामा रही अध्यापन गर्दै आएका थिए ।

# रोजगारी सिर्जना गर्न अल्लोको धागो बनाउने तालिम प्रदान



**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, २६ साउन

बझाङमा १५ दिने अल्लोको धागो बनाउने तालिम सम्पन्न भएको छ । जिल्लाको थलारा गाउँपालिका २ मा अल्लोको धागो बनाउने तालिम सम्पन्न भएको हो ।

स्थानीय स्रोत साधनको सही सदुप्रयोगका साथै रोजगारी सिर्जना गर्नका लागि थलाराका १२ जनालाई तालिम प्रदान गरिएको हो ।

यो भन्दा पहिला नै परियोजनाले सञ्चालन गरेका धागो बनाउने तालिम लिएकाहरूलाई दिगोपनका लागि तालिम प्रदान गरिएको परियोजना सामाजिक परिचालक तारा प्रसाद ओझाले बताए ।

उनका अनुसार १० जनालाई अल्लोको धागो बनाउने तथा २ जनालाई कपडा बुन्ने तालिम दिइएको छ ।

उक्त तालिम युनाइटेड मिसन टु नेपालीको आर्थिक सहयोगमा प्रगतिशील युवा समाजद्वारा सञ्चालित सिर्जना परियोजनामार्फत प्रदान गरिएको हो ।

## देउवालाई ...

नै राख्नुपर्छ भन्ने मलाई लाग्दैन, यो त अनुभव, काम तथा व्यक्तिको प्रभावकारिताका आधारमा हुने हो ।'

आरजु राणा कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नी समेत हुन् । राणाको प्रश्न छ, 'संविधानले जति पटक पनि प्रधानमन्त्री बन्न दिन्छ, कांग्रेसले कसरी रोक्न मिल्छ ?'

कांग्रेसका प्रवक्ता डा. प्रकाशशरण महतले पनि महामन्त्री शर्माको दुई पटक भन्दा बढी प्रधानमन्त्री बन्न नपाउने प्रस्तावको विरोधमा उत्रिएका छन् । प्रवक्ता महतले देउवालाई प्रधानमन्त्रीमा रोक्नकै लागि यस्तो प्रस्ताव गरिएको टिप्पणी गरे ।

'एक्जिट पोलिसी व्यावहारिक छैन । यसलाई पारित गर्ने हो भने सभापति देउवाले फेरि प्रधानमन्त्री बन्न पाउनुहुन्न । यो प्रस्ताव सभापतिलाई फेरि प्रधानमन्त्री बन्न नदिने उद्देश्यले आएको हो भनेर सहजै बुझ्न सकिन्छ' डा. महतले भनेका छन् ।

## संस्कृतका...

भएपनि धर्ममा संस्कारमा जातले ब्राह्मण हुन्छ भनेको छैन, समाजले बनाएको कुरीतिलाई निर्मुल पार्नुपर्छ ।' संस्कृतमा आचार्य गरेपनि कृष्ण दमाईलाई सोचेजस्तो सफलता मिलेको थिएन । शास्त्रले फरक नदेखेपनि यो समाजको आँखाले उनलाई फरक नै देख्यो ।

आचार्य विश्वकर्माको पनि सामाजिक अनुभूति आचार्य दमाईको जस्तै छ । शास्त्रभन्दा पनि समाजले जातीय वर्गीकरण र विभेद गरेको उनको बुझाई छ । शास्त्र पढ्दै नपढी विभेदको कुरा गरेर मान्छे मान्छेबीच समाजले दूरी बनाइदिएको भन्दै सोच परिवर्तन गर्न जरुरि रहेको उनले बताए ।

उनी भन्छन्, 'मैले पढे ज्ञान लिए त्यो विभेद शास्त्रले गरेको रहेनछ भन्ने मैले बुझेको छ, कुनैपनि धर्ममा जातीय, सांस्कृतिक विभेद छैन, समाजले गरेको भेदभावलाई धर्मसँग जोडिएको भएर धर्ममाथि प्रहार भएको हो ।'

संस्कृत भाषाको अध्ययन गरिसकेपछि आफूले समाजलाई अझ नजिकबाट चिन्न सकेको उनको बुझाई छ । समाजले जातीय रूपमा जति भेदभाव गरेपनि शास्त्रले सधैं कर्मलाई पुज्न सिकाएको उनले बताए । 'मलाई समाजले दलित बनाएपनि कोटीहोम महायज्ञको व्यासमा म ज्ञानले आसीन हुन पाएको हो', उनी भन्छन्, 'ज्ञान भन्दा ठूलो केही छैन ।'

हिन्दुधर्म र यसले अंगालेको जातीय व्यवस्था नै शास्त्रसम्मत नभएको भन्दै अब सोच र समाज बदल्नुपर्ने बेला भएको धार्मिक अभियन्ताहरूको सुझाव छ । कोटीहोमका मुख्य प्रवक्ता माण्डव्य जातीय विभेद निर्मूल बनाउँन अभियान नै चलाउनुपर्ने बताउँछन् । वैदिक ज्ञान लिन ब्राम्हणको कूलमा जन्म लिनुपर्छ भने भाष्यलाई गलत सावित गर्नुपर्ने बेला भएको उनको भनाइ छ ।

कोटीहोम महायज्ञमा वाचन प्रविण पण्डित दीनबन्धु पोखरेल, सु-प्रसिद्ध कथा वाचिका राधिका दासी माता, देवी प्रतिभा, राम कथावाचिका चन्द्रकला सखी र श्रीमद देवी भागवत वाचिका विदुषी डा.कान्ता भट्टराइलगायतले कथा वाचन गरिरहेको व्यासमा दलित समुदायको प्रतिनिधित्व गरेर आचार्य कृष्ण दमाई र लेखबहादुर विश्वकर्माको सहभागिता धार्मिक क्रान्तिको एक ज्वलन्त उदाहरण बनेको छ ।

## प्रत्यक्ष...

थिए । त्यसपछि यो धारणालाई संस्थागत रुपमै अगाडि बढाउने निर्णय भएको उनले जानकारी दिए ।

'प्रत्यक्ष निर्वाचित राष्ट्रपतिको विषय आधिकारिक र पार्टीको संस्थागत निर्णय भएको छ । हाम्रो प्रस्ताव अनुसार प्रदेशमा मुख्यमन्त्री पनि प्रत्यक्ष कार्यकारी हुनेछन् ।'

## मलेसियामा...

११ सम्म १९ हजार ९ हजार ३४ कम्पनीले विदेशी कामदार लगेका छन् । मे ३१ यता नयाँ कामदारको एप्रुभल रोकिएको छ । नयाँ कामदार नगएका कारण कतिपय पुराना कामदारले करार अवधि सकिएपछि पनि अनिच्छापूर्वक कम्पनीमा काम गर्नुपरेको गुनासो गरेका छन् ।

## बाँदरको...

बाँदर आतंककै कारण स्थानीय गंगाराम दमासे बसाइ सरेर तराई पुगेका छन् ।

बाँदर आतंकले गर्दा उत्पादन गर्न नपाएपछि बाँच्ने विकल्प नभएर कैयन बसाइँ सराइ सर्न बाध्य भएको स्थानिय जित बहादुर सुनार सुनाउँछन् ।

भूमिकास्थान नगरपालिका वडा नम्बर ९ का वडाअध्यक्ष खेमराज चुदाँलीका अनुसार बाँदरका कारण घरभन्दा टाढा रहेका धेरै रोपनी जग्गा गाउलेहरुले खेति गर्न छोडेर बाँझो भइरहेको छ । वडाध्यक्ष चुदाँली भन्छन्, 'कानूनले बाँदर मार्न पाइँदैन, बाँदरले किसानलाई बाँच्न दिएन । सबै गाउँले मिलेर बाँदर धपाउने अभियान पनि सफल हुन सकिरहेको छैन ।'

भूमिकास्थान नगरपालिका वडा नम्बर ९ का युवा समाजसेवी ईटन भुसाल बाँदरले नखाने भनेको जमिनमुनिको अदुवा र हलेदो हो । सबैले त्यही बाली लगाउन पनि सक्ने अवस्था नरहेको उनले बताए ।

'पहिलादेखि गाउँमा कफी बाँदरले अतिक्रमण गर्न नसक्ने थाहा पाएको भए पनि कफी खेतीतर्फ लागिन्थ्यो' उनी भन्छन्, 'किसानले कफिमा त्यति ध्यान दिन सकेका छैनन् ।'

भूमिकास्थान नगरपालिकाका उपप्रमुख बालकृष्ण बन्जाडे गाउँमा मानिसको जनघनत्व घटेका कारण बाँदरले सताएको बताउँछन् ।

'पहिले गाउँभरी मानिस थिए, बाँदर थिएनन् । अहिले गाउँ खाली हुँदैछ, बाँदरको संख्या बढेको छ' उनले भने ।

बाँदर आतंक राज्यकै समस्या बनेको पाणिनी गाउँपालिकाका अध्यक्ष टेकराज न्यौपाने बताउँछन् ।

छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ बजेट नै छुट्याएर काम गर्दा बाँदर आतंक केही हदसम्म न्यूनीकरण भएको बताउँछन् । दिर्घकालीन रुपमा समस्या समाधान हुन नसके पछि बजेट छुट्याउन छोडिएको उनले बताए ।

जिल्ला समन्वय समितिका प्रमुख जीवनारायण कोइराला बाँदर र जंगली जनावरका कारण अर्घाखाँचीका सबै पालिकाहरू प्रभावित रहेको बताउँछन् । समस्या समाधानका लागि राज्यले नै पहल लिनुपर्ने उनको बुझाई छ ।

# अचेत अवस्थामा भेटिएका युवकको मृत्यु

**लक्ष्मण यादव/मध्यान्ह**
सर्लाही, २६ साउन

सर्लाहीको बरहथवा नगरपालिका वडा नम्बर ८ टाँडि टोलमा अरुको घरमा अचेत अवस्थामा भेटिएका युवकको उपचारको क्रममा मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय सर्लाहीका डीएसपी दिपक श्रेष्ठका अनुसार सोही टोलका मुन्ना साह आफ्नो घरभन्दा ४ सय मिटरको दुरिमा रहेको शैलेन्द्र रामको परालको भुसा राख्ने खाली घरमा शनिबार अचेत अवस्थामा फेला परेका थिए ।

साहलाई बरहथवा बजारस्थित हनुमन्त हस्पिटलमा सामान्य उपचारपछि थप उपचारका लागि बरहथवा बजारकै नवजीवन हस्पिटलमा लगिएको थियो । तर उनलाई चिकित्सकले मृत घोषणा गरेका थिए ।

मृतक साह आफ्नो प्रेमिकासँग भेट्न शुक्रबार नै उनको घरमा गएको हुनसक्ने आंशका गरिएको छ । प्रहरीले प्रेमिका बताउने युवतीलाई सोधपुछका लागि पक्राउ गरेको छ ।

# 'यूथ लिडरसीप डेभलपमेन्ट एण्ड डिजिटल पाठवेज'सम्बन्धी कार्यशाला सम्पन्न

**पवन जायसवाल/मध्यान्ह**
बाँके, २६ साउन



नेपालगञ्जमा अन्तर्राष्ट्रिय युवा दिवसको अवसरमा एस.ओ.एस. युवालयको आयोजना तथा लुम्बिनी प्राविधिक विश्व विद्यालय नेपालगञ्ज सहकार्यमा 'यूथ लिडरसीप डेभलपमेन्ट एण्ड डिजिटल पाठवेज'सम्बन्धी एक दिने कार्यशाला गोष्ठी शनिबार सम्पन्न भएको छ ।

लुम्बिनी प्राविधिक विश्व विद्यालय नेपालगञ्जाको प्राङ्गणमा आयोजित कार्यशाला गोष्ठीमा लुम्बिनी प्राविधिक विश्व विद्यालयका कुल सचिव रेग बहादुर भण्डारीले 'डिजिटल पाठवेज फर सस्टिनिएबल' प्रस्तुतीकरण गरेका थिए भने एस.ओ.एस.युवालय नेपालगञ्जका सहायक निर्देशक लक्षमण बहादुर कार्कीले 'यूथ लिडरसीप डेभलपमेन्ट' विषयमा प्रस्तुतीकरण गरेका थिए ।

एस.ओ.एस.युवालय नेपालगञ्जका सहायक निर्देशक मीना तुलाधरको अध्यक्षतामा सम्पन्न कार्यशाला गोष्ठीमा ओपनिङ्ग रिमार्क्समा लुम्बिनी प्राविधिक विश्व विद्यालयका कुल सचिव भण्डारीले युवाहरुको परिभाषा, भूमिका र भविष्यको विषयमा मन्तव्य व्यक्त गरेका थिए ।

यस वर्षको अन्तर्राष्ट्रिय युवा दिवसको नारा 'यूथ डिजिटल पाठवेज फर सस्टिनिएबल डेभलपमेन्ट' रहेको छ ।

यसलाई राष्ट्रिय युवा परिषदले 'दिगो विकास लक्ष्यमा प्रगति र समृद्धि, डिजिटल प्रविधिमा युवाहरुको पहुँच अभिवृद्धि' भनेर नेपालीमा नामाकरण गरिएको छ । यस वर्षको युवा दिवस ३ दिनसम्म विविध कार्यक्रम गरी मनाउने निर्णय गरिएको छ ।

कार्यक्रममा लुम्बिनी प्राविधिक विश्व विद्यालय नेपालगञ्जको सहकार्यमा सम्पन्न भएकोले एस.ओ.एस.युवालय नेपालगञ्जका सहायक निर्देशक मीना तुलाधरले लुम्बिनी प्राविधिक विश्व विद्यालयका कुल सचिव भण्डारीलाई सम्मान पत्र हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा लुम्बिनी प्राविधिक विश्व विद्यालयका उपप्राध्यापक चतुर्भुज भट्ट, उपप्राध्यापक प्रतिक चन्द, सहायक प्राध्यापक ई. सजिव रेग्मी, अनुसन्धान सहायक इ.नरेन्द्र बहादुर शाही, सहायक प्राध्यापक नमन वर्मा,सिनियर काउन्सिलर लक्ष्मण खनाल लगायत एस.ओ.एस.युवालय नेपालगञ्ज, लुम्बिनी प्राविधिक विश्व विद्यालयका युवा सहभागीहरुमा नेहा क्षेत्री, हरि बस्नेत, सविना नेपाली, चाहाना रोका क्षेत्री, निर्मला वि.क, चाँदनी ठकुल्ला, शर्मिला वि.क, सपना सिजापति, निशा आचार्य, दिपेश शाही, कृष्ण वली, रोशन घर्तीमगर, सागर सुनार, अमिर मल्ल, विकास शाही, सुमन बडुवाल, बलिराम जैसी, दिपक वि.क, सिर्जना परियार, सम्झना खड्का, तुल्सी सार्की, विकास गिरी, पुरन सिंह गुरुङ, गंगा सुनार, उज्वल सुनार, गणेश सिंह सुनार लगायतको सहभागिता रहेको थियो ।

**मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि.**
**काठमाडौँ जिल्ला टोखा न. पा. वडा नं. ५**

**शेयर बापतको रकमको किस्ता भुक्तानी**

**प्रथम पटक प्रकाशित मिति : २०८१।०४।२७**

यस कम्पनीको मिति २०८१।०४।२५ गतेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस कम्पनीको "ख" वर्गको शेयर खरिद गर्न इच्छुक भई शेयर खरिद आवेदन फारम भर्नु भएका सम्पूर्ण आवेदक महानुभावहरुलाइ आवेदन साथ् लिन कबुल गर्नु भएको शेयर बापतको रकम पूर्ण रुपमा दाखिला नभएको अवस्थामा यस सूचना जारी भएको मितिले ३० (तिस) दिनभित्र शेयर बापतको रकमको किस्ता भुक्तानी गर्नु हुन भनि कम्पनी ऐन, २०६३ को दफा ५३ को उपदफा (२) बमोजिम यो सूचना जारी गरिएको छ । यस सूचना बमोजिम शेयर लागत कायम गर्न कसैको दावी बिरोध भएमा यस कम्पनीमा ३ दिनभित्र लिखित उजुर गर्न सकिनेछ र सो पश्चात कुनै उजुर बाजुर लाग्ने छैन ।

**मल्टी एग्रो नेसनल इन्भेस्टमेन्ट कम्पनी लि.**
**काठमाडौँ जिल्ला टोखा न. पा. वडा नं. ५**

**बिशेष साधारण सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१।०४।२७**

**आदरणीय शेयरधनि महानुभावहरु,**
यस कम्पनीको मिति २०८१।०४।२५ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम कम्पनीको विशेष साधारण सभा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्नको लागि देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनि महानुभावहरुको जानकारीको लागि यो सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा २ बमोजिम प्रकाशित गरिएको छ ।

**मिति : २०८१।०५।१३**
**समय : बिहान १०:०० बजे देखि**
**स्थान : कम्पनीको रजिस्टर्ड कार्यालय, टोखा न. पा. वडा नं. ५ स्थित सभा हल**
**छलफलका बिषय सुचिहरुः**
१. कम्पनीको चुक्ता पुंजीमा भएको वृद्धि बमोजिम चुक्ता पुंजी कायम गर्ने सम्बन्धी ।

**संचालक समितिको अनुमतिले**
**कम्पनी सचिव**

# ठेकेदार कम्पनी : ठेक्का लिन्छन्, काम गर्दैनन्

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २६ साउन



सार्वजनिक खरिद अनुगमन कार्यालयले शुक्रबार देशभरका दुई दर्जन ठेकेदार कम्पनीलाई कालोसूचीमा राखेको छ । कालोसूचीमा राखिएका कम्पनीहरूमा भारतको देहरादूनस्थित भारत कन्स्ट्रक्सनलगायत छन् । जसमा सुर्खेतका मात्रै ६ वटा निर्माण व्यवसायी रहेका छन् ।

सुर्खेत कार्य क्षेत्र बनाएर निर्माणको क्षेत्रमा काम गर्दै आएका कम्पनीहरूलाई बढीमा दुई वर्षसम्मका लागि कार्यालयले कालो सूचीमा राखेको हो । कालोसूचीमा राखिएका कम्पनीहरूमा बराह निर्माण सेवा, थेगिम/मजदुर/नाञ्जिला एण्ड आकांक्षा मजदुर जेभी, मजदुर कन्स्ट्रक्सन, नाञ्जिला एण्ड आकाश कन्स्ट्रक्सन एण्ड सप्लायर्स, दीपमाला निर्माण सेवा र बी.जी. कन्स्ट्रक्सन रहेका छन् । उनीहरुलाई सडक विभागको सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, सडक डिभिजन सुर्खेतले कालोसूचीमा राख्न सिफारिस गरेको थियो ।

कालोसूचीमा परेका अन्यमा सिद्धी साई प्रकाश कन्स्ट्रक्सन प्रावि क्षेत्र पाटी, देवनारायण पवन रमैनाचुली रखम्पाचे जेभी सिफल, एडभेन्चर कन्स्ट्रक्सन प्रावि चितवन, जयबागेश्वर माता कन्स्ट्रक्सन प्रावि नेपालगञ्ज, बराह निर्माण सेवा र सुवास निर्माण सेवा सुर्खेतलगायत छन् । सुवास निर्माण सेवा, थेगिम/मजदुर/नाञ्जिला एण्ड आकाश जेभी र श्री बिल्डर्सलाई २ वर्षका लागि कालोसूचीमा राखिएको छ ।

**एउटै काम वर्षौं लगाए पनि अलपत्र**

छेडाचाँदे-जुम्ला सडकखण्डभित्र पर्ने पक्की पुल निर्माण शुरु भएको ४ वर्ष बित्न लाग्यो । निर्माणको ठेक्का लिएको कम्पनीले भने सम्झौता गरेको समयमा काम गर्न सकेको छैन । बारम्बार म्याद थपेको ठेकेदारले अझै काम सकेको छैन । नेपाल मेघा सिस्ने जेभी नेपालगञ्जले करिब चार करोड ८ लाख एक हजार रुपैयाँमा पुलको ठेक्का लिएको हो ।

२०७८ साल असोज २९ गते गरेको सम्झौताअनुसार २०८० साल माघ २८ मा पुल निर्माणको काम सकिनुपर्ने थियो । तर ४ वर्ष बित्न लागिसक्दा पनि प्रभावकारीरूपमा काम अघि बढेको छैन । निर्माण कम्पनीले दुई वटा पिल्लरको काम गरेर बीचमै छोडेर अलपत्र पारेको छ । यस्तै सुर्खेतको वीरेन्द्रनगर-१० बाट दैलेख रोड जाने सडक कालोपत्रे गर्ने जिम्मा पाएको नाञ्जिला आकांक्षा एण्ड मजदुर जेभी सुर्खेतले सडक कालोपत्रे गर्न २ वर्ष बढी लगाएको थियो ।

२०७८ कात्तिक ११ गते सम्झौता भएर १० असार २०७९ सम्ममा सो सडक विस्तारको काम सकाउनुपर्ने थियो । तर समयमै काम सम्पन्न नभएपछि पुनः म्याद थप गरिएको थियो । थपिएको म्याद २०८० असार मसान्त सकिँदासमेत काम सम्पन्न भएको थिएन । तर निरन्तर सडक डिभिजन र यहाँको स्थानीयको दबाबपछि कम्पनीले म्याद सकिएको मितिभन्दा केही समयपछि काम सम्पन्न गरेको थियो ।

**किन पर्छन् कम्पनी कालोसूचीमा ?**

कम्पनीहरू कालोसूचीमा परेको अवधिभर सार्वजनिक निकायको कुनै पनि खरिद कारबाहीमा भाग लिन पाउँदैनन् । कालोसूचीमा परेको अवधिभर कम्पनीले नयाँ ठेक्कामा भाग लिन नपाउने भएकाले यो नै काम नगर्ने ठेकेदारका लागि दिइने सबैभन्दा ठूलो सजायका रूपमा लिइन्छ । पछिल्ला वर्षमा कम रकम कबोल गरेर ठेक्का हात पर्न खोज्ने र ठेक्का परेपछि अलपत्र छाडेर हिँड्ने क्रम बढेको छ ।

विभिन्न कारणहरूबाट कालोसूचीमा पर्नेहरूको संख्या बढ्दै गएको छ । आयोजनाको काम समयमै नगर्ने, अलपत्र छाड्ने, ठेक्का परेपछि खरिद सम्झौता गर्न नआउने, सम्झौतामा सर्त पालना नगर्नेहरू हुँदा कम्पनीहरू कालोसूचीमा पर्ने गरेका छन् ।

ठेकेदारले आचरण विपरीत काम गरेमा, खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत रूपमा त्रुटि हुने गरी कार्य गरेमा, खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहरिएमा, योग्यता ढाँटेर वा झुक्काएर सम्झौता गरेमा सार्वजनिक खरिद ऐनअनुसार गाम्भीर्यताको आधारमा कार्यालयले १ वर्षदेखि ३ वर्षसम्म कालोसूचीमा राख्ने गरेको छ । यस्तै समयमै र सन्तोषजनक काम नगर्ने कम्पनीहरू पनि कालोसूचीमा पर्छन् ।

## नियमविपरीत बनेका संरचना हटाइँदै



**कञ्चनपुर/मस-** शुक्लाफाँटा नगरपालिका ११ को कलुवापुर-बेलौरी सडकको क्षेत्राधिकारभित्र बनाइएका भौतिक संरचना हटाइने भएको छ । सडकको दायाँबाँया १५ मिटरको क्षेत्रमा बनाइएका खोका, छाप्रा, टहरा, ठेला, व्यावसायिक सामग्री, प्रचार प्रसारका सामग्री, पक्की भौतिक संरचना लगायत हटाउन लागिएको हो । सडक क्षेत्राधिकार भित्रका संरचना हटाउनका लागि तीन दिने सार्वजनिक सूचना प्रकाशित गरी सम्बन्धित व्यक्तिहरूलाई जानकारी दिने कार्य गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत खेमराज विष्टले जानकारी दिए।

उनका अनुसार यही साउन २७ गतेदेखि अवैध रूपमा निर्माण गरिएका संरचना हटाउन शुरु गरिने छ ।

सूचनाको अवज्ञा गरी अवैध संरचना सम्बन्धित पक्षले नहटाइए प्रचलित कानुन अनुसार कारबाही प्रक्रिया अगाडी बढाइने उनले बताए। सडक अतिक्रमण हुँदा पानीको निकास थुनिएर बजार क्षेत्र जलमग्न हुने गरेको छ । सम्भावित संक्रामक रोगहरू फैलिन सक्ने उच्च सम्भावना बढेर गएपछि नगरपालिको अवैध संरचना हटाउनका लागि गाडी बढाएको बताइएको छ ।

दुई दिनअघि मात्रै नगरपालिकाले थुनिएको पानीको निकास अस्थायी रूपमा खोलेको थियो । पानीको निकास हुने ठाउँमा पक्की भौतिक संरचना निर्माण गरिदा दिगो व्यवस्थापन हुन सकेको छैन । यस अघि नगरपालिकाले पूर्व पश्चिम राजमार्गको झलारी, वन समिति लगायत बजारका अवैध सडक क्षेत्र अतिक्रमण गरी बनाइएका भौतिक संरचना हटाएको थियो ।

## कोरिया-नेपाल कुटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पुगेको अवसरमा वृक्षारोपण



**काठमाडौं/मस-** गणतन्त्र कोरिया र नेपालबीच कुटनीतिक सम्बन्ध स्थापनाको ५० वर्ष पुगेको अवसरमा वृक्षारोपण कार्यक्रम आयोजना गरिएको छ । कुटनीतिक सम्बन्ध स्थापनाको ५० औं वार्षिकोत्सवको अवसरमा जनवरीदेखि हरेक महिना विभिन्न कार्यक्रम गर्दै आएको नेपालस्थित गणतन्त्र कोरियाली दूतावासले अगष्ट महिनाको शुरुवातमा वृक्षारोपण कार्यक्रम गरेको हो ।

दूतावसले जनवरी महिनामा ५०औं वार्षिकोत्सवको लोगो समुद्घाटन तथा कोरियामा रोजगारीको अनुभव भएका २६ वटा वास्तविकतामा आधारित सफल व्यावसायिक कथाहरु समावेश गरिएको पुस्तक प्रकासनमा ल्याएको थियो । उक्त पुस्तकको माध्यमबाट वैदेशिक रोजगारीको अनुभव भएका व्यक्तिहरुले नेपालमा फर्किएर उद्योगीको भूमिकामा रही नेपालमा रोजगारी सिर्जनाका साथै देशको अर्थतन्त्रका लागि योगदान गर्न सक्ने दूतावसको बुझाइ रहेको छ।

यस्तै फेब्रुअरी महिनामा कोरियाबाट नेपाललाई सहयोगका रुपमा उपलब्ध गराइएका १०१ वटा उच्च नश्लका गाईले बाच्छीहरु जन्माउने क्रम शुरु भइ नेपालको दुग्ध क्षेत्र विकासमा ठूलो सहयोग मिल्ने अपेक्षा गरिएको दूतावासले बताएको छ । सोही अवसरमा नेपालका लागि कोरियाली राजदूतलगायत दूतावासको टोलीले सिन्धुलीको कमलामाई भ्रमण गरेर महिला कृषकलाई बाच्छी हस्तान्तरण गरेको थियो ।

मार्च महिनामा कोरियाली दूतावासले नेपाल चेम्बर अफ कमर्सले आयोजना गरेको एक्स्पोमा कोरियाली कम्पनीको विभिन्न बुथका माध्यमबाट भाग लिनुका साथै (फोकस कन्ट्री)का रुपमा सहभागिता जनाएको थियो ।

अप्रिल महिनामा कोरिया नेपाल संयुक्त पर्वतारोहण टोलीले ५०औं वर्षगाँठको उपलक्ष्यमा जुगल हिमालको सफल आरोहण सम्पन्न गरी संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलगायत उच्च पदस्थ व्यक्तिहरुको उपस्थितिमा संयुक्त आरोहण टोलीलाई बधाई दिने कार्यक्रम गरिएको थियो ।

मे महिनामा नेपालका प्रतिष्ठित पत्रकारहरुको भेला गरी विगत ५० वर्षमा कोरिया र नेपालबीच सम्पन्न भएका आयोजना, हाल सञ्चालनमा रहेका आयोजना तथा भविष्यमा सञ्चालन हुने विकास साझेदारी कार्यक्रमका बारेमा जानकारी गराउने कार्य सम्पन्न गरिएको दूतावासको भनाइ छ ।

जुन महिनामा कोरियाबाट प्रख्यात के-पप दोली तथा के टाइगर टोलीले नेपालका दर्शकमाझ आफ्नो कला क्षमता प्रस्तुत गरेर हजारौं दर्शकलाई मनोरञ्जन प्रदान गरेको थियो । सोही महिनामा कोरियाली भाषा वक्तित्वकला तथा हाजिरी जवाफ कार्यक्रम आयोजना गरिएको दूतावासले बताएको छ ।

जुलाई महिनामा नेपालमा रहेका कोरियाली पप संगितका पारखीहरुको के-पप नृत्य तथा सांगितीक कार्यक्रम आयोजना गरेर प्रथम स्थान हासिल गर्ने टोलीको भिडियो बनाइ अन्तिम छनोटका लागि कोरिया पठाइएको दूतावासको भनाइ छ ।

## सुर्खेतमा रास्वपाको 'क्लोज क्याम्प' : सुशासन स्थापना र भ्रष्टाचार नियन्त्रणमा केन्द्रित

**सुर्खेत/मस-** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सुर्खेतमा 'क्लोज क्याम्प' सम्पन्न गरेको छ। कर्णाली प्रदेशस्तरीय दुईदिने क्याम्प शनिबार सम्पन्न भएको हो । पार्टीको कर्णाली प्रदेश समितिले आयोजना गरेको सो 'क्लोज क्याम्प' विधान संशोधन सुझाव कार्यशाला भएको रास्वपा सुर्खेतका युवा नेता हरिप्रसाद अधिकारीले जानकारी दिए ।

सो कार्यशालामा कर्णाली प्रदेशअन्तर्गतका १० वटै जिल्लाका जिल्ला सभापति र पूर्वप्रदेश पदाधिकारी,बुद्धिजीवी, प्रतिष्ठित व्यापारी, प्रदेशभित्र रहेका गाउँ तथा नगरका प्रतिनिधिहरूको सहभागिता रहेको उनले बताए । कार्यशालामा करिब एक सय प्रतिनिधि सहभागी भएका थिए । रास्वपालाई राजनीतिक, वैचारिक एवम् सांगठनिकरुपमा थप प्रभावकारी बनाउने उद्देश्यले विधान संशोधन गर्न लागिएको र त्यसका लागि सुर्खेतमा सम्पन्न कार्यशाला प्रभावकारी भएको केन्द्रीय प्रतिनिधि तथा प्रतिनिधि सभा सदस्य हरि ढकालले बताए।



पार्टीले सरकारमा रहेर गरेका राम्रा कामहरूको प्रचार, पार्टीले लिएका असल नीति र सिद्धान्तको अभिलेखीकरण गर्न पार्टीका नेताहरूलाई उनले निर्देशन दिए ।

सो अवसरमा पार्टीकी केन्द्रीय सदस्य विनीता कठायतले कर्णाली प्रदेशमा पार्टीलाई प्रभावकार रीरूपमा सञ्चालन गर्न महिलाहरू सक्रिय रहने बताइन् । उनले प्रतिनिधिहरूले उठाएका विविध प्रश्नहरूको जवाफ दिएकी थिइन् ।

'क्लोज क्याम्प'मा संसदीय मामिलाको नेतृत्व अधिकारी, विचार समूहको डा. गोविन्द आचार्य, संगठन निर्माणको प्रेम चन्द, लिडरसिप एकेडेमीको इन्जिनियर मानबहादुर शाही, अभियानको पवनराज देवकोटा, मूल्य मान्यताको पुस्तक चन्दले नेतृत्व गर्दै समूहगत निष्कर्ष प्रस्तुत गरेका थिए ।

जसमा जिल्ला समन्वय समिति हटाउनुपर्ने, राष्ट्रिय सभालाई विज्ञहरूको सभाका रूपमा पुनर्संरचना गर्नुपर्ने, समानुपातिक निर्वाचन प्रणालीलाई सुधार गर्नुपर्ने, प्रदेश सरकारको प्रभाकारिता र उपयोगितामा गम्भीर समीक्षा गरेर केन्द्रीय सम्मेलनमा औचित्यको बारेमा बहस गर्ने, सुशासन र भ्रष्टाचार नियन्त्रणका लागि संसदमा प्रभावकारी भूमिका खेल्नुपर्ने, पार्टीको आगामी अभियान सञ्चालन गर्ने जस्ता सुझावहरू प्रस्तुत भएका छन् ।

यसैगरी प्रदेश र पालिका कमिटीहरू सानो आकारको बनाउनुपर्ने, केन्द्रीय कमिटी १२१ सदस्य बनाउनुपर्ने, जनजीविकाको विषयमा केन्द्रीय कमिटीमा छलफल गरी पार्टीले ठोसरूपमा किसान र जनताको पक्षमा काम गर्ने समूहगत छलफलको निष्कर्षलाई एकीकृत गरी केन्द्रीय समितिमा बुझाइने रास्वपा सुर्खेतका नेता अधिकारीले बताए ।

## लामाचौरको पहिरो हटाइयो

**प्रचण्ड खत्री/मध्यान्ह**
रुकुम पश्चिम, २६ साउन

रुकुम पश्चिमको बाफिकोट गाउँपालिका वडा नम्बर २ लामाचौरमा आएको पहिरो हटाइएको छ । माओवादीका कार्यकर्ताको सहयोगमा उक्त पहिरो हटाइएको हो । वडा नम्बर २ का पदाधिकारी, वडा सदस्य र पार्टीमा आस्था विचार राख्ने कार्यकर्ताले पहिरो हटाएका नेकपा माओवादी रुकुम पश्चिम वडा नम्बर २ का अध्यक्ष धनबहादुर खत्रीले जानकारी दिए । यस सडक भएर बाफिकोट गाउँपालिका वडा नं१, २ र पूर्वी रुकुमसम्म गाडी आवात-जावत गर्ने गर्दछन् । वर्षायाममा पहिरो आउँदा आवागमन ठप्प भएको थियो।



पहिरो खसेको लामो समय भइसक्दा पनि वडा कार्यालय र स्थानीय सरकारले यसको बेवास्ता गरेपछि माओवादी कार्यकर्ताले बाटो खुलाएका हुन् ।

माओवादी केन्द्र बाफिकोट र वडा नं २ वडा कमिटीको विषेश पहलमा जनताको माग र आवश्यकतालाई मध्यनजर गर्दै सडक सुचारु गरिएको हो । वडा नं २ कमिटीले लामाचौरको पहिरो श्रमदान, मेसिन प्रयोग गरी हटाएको नेकपा माओवादी रुकम पश्चिम बाफिकोटका अध्यक्ष चन्द्रबहादुर केसीको भनाइ छ ।


**Cyprus मा बैदेशिक रोजगारको अवसर**

१. कम्पनी: E.G. Estiacyprus Private Employment Agency, Paphos, Cyprus
पूर्व स्वीकृती मिति २०८१।०४।२३ चलानी नं. ६०२२३२९६ LT.No. 308125

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Helper | 15 | 05 | कामका दक्ष | 900 | १३२,१९४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार |  | छ | छ | २ वर्ष |

२. कम्पनी: ANOST EMPLOYMENT SERVICE LTD., Cyprus
पूर्व स्वीकृती मिति २०८१।०४।२४ चलानी नं. ६०२२३७९३ LT.No. 308124

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 10 | 10 | कामका दक्ष | 1083 | १५९,०७४।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार |  | छ | छ | २ वर्ष |

३. कम्पनी: ANOST EMPLOYMENT SERVICE LTD., Cyprus
पूर्व स्वीकृती मिति २०८१।०४।२४ चलानी नं. ६०२२३२९५ LT.No. 308008

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब Euro | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Domestic Worker | - | 20 | कामका दक्ष | 400 | ५८,७५३।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार |  | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क तथा जम्मा खर्च |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु. १०,०००।- |

अन्तर्वार्ता मिति २०८१ भदौ २ गते (18 August, 2024) मेनपावर कार्यालय सामाखुसीमा हुनेछ ।

Om Shree Mahashakti Employment Pvt. Ltd.
Gov. Lic. No. 200/057/058
Samakhushi-26, Town Planning, KTM,Phone:- +977-1-4357662
Email:- radhabudhathoki@hotmail.com, www.osmefw.com



**SAUDI मा वैदेशिक रोजगारको अवसर**

कम्पनी : MUSTAFA ALI ATHIFA CONTRACTING COMPANY शहर: Saudi Arabia, Dammam
पूर्व स्वीकृत मिति : २०८१/०४/२५ चलानी नं: ६०२२३३९२ L.T. No.: 308734

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 4 | 0 | स. काममा दक्ष | 1000 | ३५,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ भदौ २ गते (18 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. ३३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AL RAWASI AL ASRIAH RECRUITMENT PVT.LTD.
License No: 1658/080/081
Samakhusi, Kathmandu, Nepal. Mobile : 9816724585
Email: alrawasialasriah@gmail.com, Website: https://www.alrawasi.com.np/



**Vacancy Annoucement**

One of the reputed recruitment agency is seeking for following applicants.

MANAGER : 1 (Male/Female)

1 Lakh Salary

Requirements:
Minimum 5 years of experience in manpower fields.

Contact Number : 9823257271



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!

TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२७ साउन २०८१, आइतबार
11 August 2024, Sunday

## सम्पादकीय

# सुन्नुपर्ने माइतीघरको आवाज

सिंहदरबार नजिकै रहेको माइतीघर मण्डलामा शनिबार सरकारमा दलित समुदायको उपस्थिति खोज्दै प्रदर्शन भयो । शान्तिपूर्ण यो प्रदर्शनमा सहभागीहरूले आफैलाई फलामे साङ्लो (जञ्जिर) मा बाँधेका थिए । जन्जिरमा बाँधिएर प्रतीकात्मक रूपमा उत्रिएका प्रदर्शनकारीले आफ्नो समुदायको मन्त्री खोजेका छन् । भर्खरै गठन भएको मन्त्रिपरिषद्मा दलित समुदायको प्रतिनिधित्व राज्य मन्त्री मात्र छन् । प्रधानमन्त्री सहित २२ मन्त्रालयको नेतृत्वमा भने दलित समुदाय शून्य छन् । राज्यमन्त्री भनेको मन्त्रीका सहयोगी हुन् । त्यसैले केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्मा दलित समुदायबाट मन्त्रालयको नेतृत्व गर्ने कोही छैनन् । त्यसैले अघिल्ला प्रधानमन्त्री पुष्पकमल दाहाल जस्तै ओलीले पनि दलित समुदायप्रति अनुदार बनेको आरोप खेप्नु परेको छ । दाहाल नेतृत्वको मन्त्रिपरिषद्मा त राज्यमन्त्री समेत दलित समुदायबाट थिएनन् ।

ओलीले पनि चर्को आलोचना भएपछि मात्र राज्य मन्त्रीमा महिला ल्याएका हुन् । यसको अर्थ ६० लाख बसोबास रहेको दलित समुदायबाट आलोचना नभई मन्त्रिपरिषद्मा राज्यमन्त्री समेत पाउने अवस्था छैन । जबकी राज्य निर्माण प्रक्रियामा मात्र नभएर राजनीतिक परिवर्तनहरूमा समेत दलित समुदायको अग्रणी भूमिका रहँदै आएको छ । तर युगौदेखि सामाजिक जञ्जिरमा बाँधिएर बसेका दलित समुदायको पहुँज अहिले पनि न्यायोचित रूपमा बिस्तार हुन सकेको छैन । दलहरूले देखाउन मात्र दलित अनुहार ल्याउने गरेका छन् । भोटका लागि देखाउन मात्र दलित अनुहार राखिएको पुष्टि त अहिलेकै मन्त्रिपरिषद् गठनका क्रममा समेत देखियो । कांग्रेस र एमालेको पदाधिकारी रहेकै दलित नेताले मन्त्री बन्न चाहेका थिए । तर अन्तिम समयमा उनीहरूको नाम काटेर गैरदलित सांसदलाई मन्त्री बनाइयो ।

मन्त्री हुनु भनेको राजनीतिक निर्णय भएकाले पीछडिएको एवं सीमान्तकृत समुदायबाट प्राथमिकताका साथ ल्याइनुपर्ने हो । किनकि कर्मचारी संयन्त्र, सेना, प्रहरी जस्तो निकायको नेतृत्व विकास क्रमिक र एउटा प्रणाली बमोजिम हुन्छ । त्यो प्रणाली भत्काएर नेतृत्व दिलाउन खोजिए सेना, प्रहरी, न्यायालयदेखि कर्मचारी संयन्त्र चल्न सक्दैन । तर मन्त्री कार्यकारी पदसँगै राजनीतिक निर्णय भएकाले दलित, महिला, अल्पसंख्यकहरू ल्याइनु वर्तमान संविधानको पनि भावना हो । तर त्यसतर्फ राजनीतिक नेतृत्वले आवश्यक ध्यान नदिएकाले माइतीघर मण्डलमा जञ्जिरमा बाँधिएर प्रदर्शन देखिएको छ । यदि बेलामै यस्ता प्रदर्शन र आवाजको सुनुवाइ नगरे भविष्यमा मुलुकले ठूलो क्षति भोग्नुपर्ने हुन्छ ।

# पत्रकारिता जगतप्रतिको असहिष्णुता

अग्रलेख



● राजेश झा

**साउन २२ गते समाचार संकलनका लागि सप्तरीको राजगढ गाउापालिका पुगेका पत्रकारहरूमाथि त्यस गाउापालिकाका अध्यक्षले दुर्व्यवहार गर्दै कोठामा थुनेको समाचारले तरंग नै ल्यायो । गैरकानुनीरूपमा गाउासभा गरेको भन्दै केही जनप्रतिनिधि र स्थानीयले मंगलबार २२ गते गाउापालिका अध्यक्ष ओम प्रकाश मण्डललाई ज्ञापन पत्र बुझाउने कार्यक्रमको समाचार संकलनका लागि पत्रकारहरू गएका थिए । समाचार संकलनका लागि गएका पत्रकारहरू आर.एन. विश्वास, नवीनकुमार गुप्ता र विद्यानन्द रामसाग गाउापालिका अध्यक्ष ओमप्रकाश मण्डलले पत्रकारको माइक खोस्दै प्रमुख प्रशासकीय अधिकृतको कोठामा थुनेर दुर्व्यवहार गरे । विश्वास नेपाल पत्रकार महासंघ सप्तरीका सचिव तथा कान्तिपुर टेलिभिजनका उपसम्पादक समेत हुन् भने गुप्ता महासंघका कोषाध्यक्षसागै राजविराज दैनिक पत्रिकासाग आबद्ध छन् । यसैगरी विद्यानन्द नेपाल समाचारपत्रका जिल्ला संवाददाता हुन् । घटनापछि नेपाल पत्रकार महासंघ सप्तरी आन्दोलित भएको छ ।**

**राजगढ गाउापालिकाका अध्यक्ष मण्डलले विधि, पद्धति र ऐन विपरीत १३औं गाउासभा गरेको भन्दै उपाध्यक्षसहित १७ जना गाउासभा सदस्यहरू पुनः गाउासभा गर्नुपर्नेलगायतका विभिन्न मागसहितको ज्ञापन पत्र साउन २० गते प्रमुख जिल्ला अधिकारी मेखबहादुर मंग्रातीलाई बुझाएका थिए । उक्त ज्ञापन पत्रको बोधार्थ सोही दिन मधेस प्रदेश सरकारका मुख्यमन्त्री र संघ सरकारको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई समेत पठाएको थियो । सो ज्ञापनपत्रको मागसहितको बोधार्थ पत्रगाउापालिकाअध्यक्ष मण्डललाई बुझाउने कार्यक्रमको समाचार संकलनका लागि तीनै जना पत्रकारहरू त्यहाा पुगेका थिए ।**

....

**यसैगरी गत ११ साउनमा नवीनकुमार गुप्ताले राजविराज दैनिकमा "महादेवामा काम नगरी करोडौाको भुक्तानी" शीर्षकको समाचार लेखेपछि गुप्तालाई ज्यान मार्ने धम्की आयो । तथ्यको आधारमा समाचार लेखेकै कारण पत्रकार गुप्तालाई महादेवा गाउापालिकाका अभिषेक मण्डलले फोन गरेर समाचारमा मेरो नाम किन जोडेको भन्दै ज्यान मार्ने धम्की दिएका थिए । मण्डलले माफी माग्दै गल्ती भएको स्वीकार गरेपछि पत्रकारहरूको आन्दोलन स्थगित भएको थियो । धम्की दिने मण्डललाई पनि पत्रकार महासंघको समन्वयमा जिल्ला प्रहरी कार्यालयले २४ घण्टापछि रिहा गरेको थियो ।**

...

**समाचारकै कारण पत्रकार मनोहर पोखरेलसाग प्रहरीले गरेको अभद्र व्यवहार र त्यसपछि तत्कालीन प्रमुख जिल्ला अधिकारी भूपेन्द्र थापाको अभिव्यक्ति र व्यवहारका कारण सप्तरीका पत्रकारहरू आन्दोलित नै भएका थिए । विभिन्न चरणमा भएको आन्दोलनपछि प्रजिअ थापाले आफ्नो गल्ती स्वीकारेपछि आन्दोलन स्थगित भएको थियो ।**

...

माथि उल्लेखित घटनाहरू प्रतिनिधिमूलक मात्र हुन् । यस्ता खाले थुप्रै घटनाहरूको सप्तरीका पत्रकारहरूले सामना गर्दै आएका छन् । भोग्दै आएका छन् । पछिल्ला केही वर्षदेखि पत्रकारमाथि यस्ता खालका घटनाहरूले सप्तरीका जनप्रतिनिधि तथा समाज असहिष्णु बन्दै गएको देखिन्छ ।

सञ्चार भनेको सूचना र विचारको आदान-प्रदान हुने सामाजिक प्रक्रिया हो । मानिसलाई सामाजिकीकरण गर्ने मूल माध्यम पनि सञ्चार हो । मानिसभित्र रहेका विचार, भावना र सोचलाई एक-आपसमा आदानप्रदान गर्न सहयोग पुऱ्याउने भएकाले सञ्चार र समाजको अन्तरनिर्भरतापूर्ण सम्बन्ध रहेको छ । मानव सभ्यताको विकास क्रमसँगै मानिसहरूमा स्वार्थपूर्ण सम्बन्ध बढ्दै गएको देखिन्छ । जब मानिसले सूचना र सन्देश प्राप्त गर्नका लागि सञ्चारमाध्यममा निर्भरता बढाउँदै गयो, त्यसले अन्तरनिर्भरताको पक्षलाई मलजल गरेको देखिन्छ । पछिल्ला दिनहरूमा आएर मानिसहरूले सञ्चारमाध्यमलाई आवश्यकताअनुसार उपभोग गरेको पाइन्छ । सूचना प्राप्तिदेखि मनोरञ्जनका लागि मात्र होइन, सामाजिक सम्बन्धहरूको सुरुवातदेखि सुधार गर्नसमेत सञ्चारमाध्यमको प्रयोग गरिएका उदाहरणहरू प्रशस्तै छन् । पछिल्ला दिनहरूमा पत्रकार तथा सञ्चारमाध्यमहरूलाई आफ्नो स्वार्थ अनुसार उपभोग मात्र हैन उपयोग गर्न लागिपरेको देखिन्छ । तर, सञ्चारमाध्यमबाट यस्ता स्वार्थ पूरा नहुँदा यस्तै आक्रमणको घटनाहरू सिर्जना हुन्छन् ।



*समाचारले उठान गरेको विषयवस्तु, पत्रकारिताको धर्म, सिद्धान्त र सीमा के हो त्यसबारेमा जानकारी हासिल नगरी अनावश्यक टीकाटिप्पणी, लाञ्छना लगाउने कार्यहरू हुँदै आएको छ । थोरै मात्र अध्ययन गरेर आफ्नो धारणा बनाउने प्रवृत्तिको सिकार बन्दै गएको छ पत्रकारिता ।*

सामाजिक सम्बन्धहरू व्यक्तिको स्वभाव र व्यवहारले निर्धारण गर्ने गर्दछ । समाजले नरुचाउने सम्बन्धहरूले समाज नै विकृत बनाउँछ । व्यक्तिको आचरण, व्यवहार तथा अभ्यास नै समुदायको दर्पण भएकाले समाज त्यसबाट अछुतो रहन सक्दैन । व्यक्ति, समुदाय हुँदै समाजमा पर्ने प्रभावले सामाजिक अन्तरक्रियाहरूलाई सकारात्मक वा नकारात्मक दिशानिर्देश गरेको हुन्छ । सञ्चार जगतमा पनि त्यसको प्रभाव पर्दै गएको छ । व्यक्तिको आचरण र व्यवहारले हरेक क्षेत्रका मानिसको व्यक्तित्व झल्काउने गर्दछ । पत्रकारिता जगतमा यस कुराले अझ धेरै प्रभाव पारेको छ । अनियमितता, भ्रष्टाचार, अनैतिक क्रियाकलाप, सामाजिक कुरीति जस्ता घटना तथा विषयवस्तुहरूलाई उजागर गर्न थालिएपछि पछिल्ला केही वर्षदेखि सप्तरीमा पत्रकारितालाई नरुचाउने जमात बढ्दै गएको देखिन्छ । सप्तरीमा करिब २० वर्ष पत्रकारिता गर्दाको मेरो अनुभवले पनि विगतमा यस्ता खालका घटनाहरू अत्यन्तै न्यून रहेको देखाउँछ । पछिल्लो समयमा सामाजिक सञ्जालहरूको प्रयोग गर्ने युवाहरूको संख्या बढिरहेको छ । सञ्चारमाध्यम भनेको समाचार, जानकारी मात्रै होइन, विचारसमेत प्रवाह गरिने माध्यम पनि हो । तर, सामाजिक सञ्जालहरूलाई सावधानीपूर्वक प्रयोग नगरिएकै कारण विभिन्न सामाजिक अपराधका घटनाहरू बढिरहेका छन् । सामाजिक सञ्जाललाई आफ्नो स्वार्थ पूर्ति गर्ने थलो, अरूलाई बदनाम गर्ने, लाञ्छना लगाउने, चरित्रहत्या गर्ने थलोको रूपमा प्रयोग गर्न थालिएको छ । जसलाई नियमन गर्नु पनि त्यत्तिकै जरुरी छ ।

मुलुक संघीय गणतन्त्रमा प्रवेश गरेपछिको परिवर्तित परिवेशमा स्थानीय तहहरूमा विभिन्न किसिमले बेथिति मौलाउँदै गएको छ । एकातिर अनियमितता, भ्रष्टाचार, बेथिति मौलाउँदै गएको छ भने कतै कतै जनप्रतिनिधिहरूमा तानाशाही प्रवृत्ति समेत हाबी हुँदै गएको आरोप लाग्ने गरेको छ । राजनीतिक तथा सामाजिक क्षेत्रका अगुवाहरूले स्थानीय तहका नेतृत्व वर्गप्रति लक्षित गर्दै समय समयमा प्रयोग गर्ने व्यङ्ग्यात्मक शब्द 'छोटे राजा' वास्तवमा साबित पनि हुँदै गएको छ । "विधि, प्रक्रिया, नीति, नियम केही पनि होइन, मैले भनेपछि सबै हुनुपर्छ" भन्ने मानसिकताले जरो गाडेको छ । जसले गर्दा त्यस्ता मानसिकता भएका जनप्रतिनिधि तानासाह बन्दै गएको आरोप लाग्ने गरेको छ ।

त्यस्तै, वास्तविकता बुझ्न जाँदा भएको दुर्व्यवहार सम्बन्धी राजगढ गाउँपालिकाको समाचार आएपछि त्यसमाथि प्रतिक्रिया जनाउनेहरूले सञ्चारकर्मीहरूको खेदो नै खने । कुनै खोजमूलक समाचार वा अनियमितता, भ्रष्टाचार वा कुनै सामाजिक विषयवस्तुसँग जोडिएका विषयमा लेखिएको समाचारप्रतिको प्रतिक्रियाले नै हाम्रो समाज कतातिर गइरहेको छ भन्ने स्पष्ट हुन्छ । समाचारले उठान गरेको विषयवस्तु, पत्रकारिताको धर्म, सिद्धान्त र सीमा के हो त्यस बारेमा जानकारी हासिल नगरी अनावश्यक टीकाटिप्पणी, लाञ्छना लगाउने कार्यहरू हुँदै आएको छ । थोरै मात्र अध्ययन गरेर आफ्नो धारणा बनाउने प्रवृत्तिको सिकार बन्दै गएको छ पत्रकारिता । समाचार वा आलेख सामाजिक सञ्जालमा पोष्टिएपछिको प्रतिक्रियाले त झन् कहिलेकाहीँ विरक्त लाग्ने गर्छ भने रिस पनि त्यत्तिकै उठेर आउँछ । तर,समाजप्रतिको उत्तरदायित्वलाई आत्मसात् गर्दै त्यसलाई नियन्त्रण गरी आफ्नो कर्मप्रति सञ्चारकर्मीहरूले ध्यान पुऱ्याउनुपर्ने हुन्छ ।

पत्रकारिताको पनि आफ्नै धर्म हुन्छ । आचार संहिता हुन्छ । सञ्चारकर्मी तथा सञ्चारमाध्यमहरू त्यसमा बाँधिनु पर्ने हुन्छ । पालना गर्नुपर्ने हुन्छ । समाजमा रहेको सकारात्मक तथा सुधार गर्नुपर्ने पक्षहरूमाथि निष्पक्ष रूपले कमल चलाउनु पत्रकारिताको धर्म तथा सिद्धान्त हो । पत्रकारिता पनि त्यसै धर्ममाथि अडिग रहँदै आएको छ । तर, समाजले यस कुरालाई नबुझीकनै पत्रकारिता जगतमाथि नकारात्मक धारणा तय गर्न तम्सिन्छ । अन्य ठाउँको तुलनामा सप्तरीको पत्रकारिता समाजप्रति विगतदेखि नै संवेदनशील, उत्तरदायी र अनुशासित रहँदै आएको छ । हरेक कुराको सकारात्मक र नकारात्मक गरी दुइटा पाटो हुन्छ । पत्रकारितामा पनि केही व्यक्ति तथा संस्थाका कारण आम समुदायमा नकारात्मक धारणा बनेको होला । तर, एक दुई जनाको कारण सिङ्गो पत्रकारितामाथि गाली गर्नु न्यायोचित होइन । पत्रकारिता अन्य पेसाको तुलनामा संवेदनशील पेसा भएकोले एक दुई जनालाई पनि बिग्रिने छुट छैन । पत्रकारिताको सिद्धान्त तथा आचार संहिताको पालना गर्नु सबैको दायित्व हो ।

समाज परिवर्तनका लागि विगतमा भएका हरेक आन्दोलनमा पत्रकारिता जगतले साथ र सहयोग गर्दै आएको छ । प्रजातान्त्रिक आन्दोलन होस्, गणतन्त्र प्राप्तिको आन्दोलन होस् या मधेस आन्दोलन होस्, पत्रकार तथा सञ्चारमाध्यमले भरमग्दुर सहयोग गरेको कसैबाट लुकेको छैन । विगतमा पत्रकारको हरेक सुखदुःखमा साथ दिएका पेसागत महासंघ तथा राजनीतिक दलहरू पछिल्लो केही वर्षदेखि पत्रकारिता जगतसँग मुख मोडेका छन् । पत्रकारहरूमाथि भएका आक्रमण, दुर्व्यवहार जस्ता घटनाहरूमा राजनीतिक दल तथा पेसागत महासंघ चुप लागेर बसेको देखिन्छ । समाजको सबै वर्ग, तह तप्का, निकायका लागि सञ्चारकर्मी तथा सञ्चारमाध्यमले बोली दिनुपर्ने, लेखिदिनु पर्ने तर पत्रकारितामाथि संकट आइपर्दा समाजका कुनै वर्ग वा निकायले पत्रकारिता जगतलाई साथ दिँदैनन् । कुनै व्यक्ति, संस्था वा समाजमाथि कुनै समस्या आएमा सहयोग तथा समाधानका लागि पत्रकारलाई खोज्ने गरिन्छ तर पत्रकारमाथि समस्या/संकट आएपछि कोही पनि अगाडि आएर सहयोग गर्न चाहँदैनन् । चाहे त्यो पेसागत संगठन होस् या राजनीतिक संगठन ।

राजगढ गाउँपालिकामा भएको दुर्व्यवहार होस् या महादेवा गाउँपालिकाको ज्यान मार्ने धम्कीपछिको आन्दोलनको कार्यक्रम होस् पत्रकारको आन्दोलनमा पत्रकार बाहेक कसैले सहानुभूति समेत प्रकट भएको छैन । पत्रकारिताप्रतिको समाजको दृष्टिकोण र धारणा यसबाट पनि प्रष्ट हुन जान्छ । पत्रकारिता बिनाको समाजको कल्पना पनि गर्न सकिँदैन । पटक-पटक पत्रकार र पत्रकारितामाथिको आक्रमणले अन्ततः समाज नै कमजोर हुन जान्छ । तसर्थ, समयमै यसतर्फ सोच्नु सबै पक्षको दायित्व हुन जान्छ । अस्तु ।

## सामाजिक सञ्जाल



**- राधाकृष्ण कटुवाल**

देशलाई संघीयता जसरी घाँडो भएको छ, त्यसरी नै प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति होस् वा प्रधानमन्त्री घाँडो हुनेछ । देशको स्वाधीनतामा आँच आउने छ । प्रत्यक्ष निर्वाचित निरङ्कुश हुनेछ । परिचालित हुनेछन् । प्रत्यक्ष निर्वाचित कार्यकारी प्रम खोज्ने नेता हुन्, पार्टी अराष्ट्रवादी हुन् ।



**- नवराज पन्त**

सन् १८१६ देखि अहिलेसम्म २०८ वर्षमा ब्रिटिस सेनामा कति भर्ती भए, कति मरे, कति बाँचे, राज्यले कति रकम लियो, क्षतिपूर्ति कति पाए भन्ने कुराको लेखाजोखा छैन । राणाले केको पैसाले पानीजहाज किन्थे ? दरबारियाले विदेशमा होटेल कसरी किन्थे ? थाहा छैन । अहिले पनि नेताको हाइड्रोमा कति सेयर छ, कसैलाई थाहा छैन ।



**- च्वयन घिमिरे**

पहिले यही नेताहरू मिलेर आयोग गठन गरे, लाल आयोगले महिनौं अध्ययन गरेर उद्योगहरूले नचलाएको रकम नउठाउने तर, चलाएको आठ अर्ब उठाउन पर्ने प्रतिवेदन दियो । तर माराहरू त्यो पनि पच्ने बनाउन सार्वजनिक लेखा समितिमार्फत फेरि जाँचबुझको नाटक गर्दैछन् । व्यापारीले आठ अर्बको पाँच प्रतिशत हड्डी फ्याले पनि रकम ठुलै हो ।



**- रतन भण्डारी**

यसअघि कोरियाका लागि प्रस्तावित राजदूतले किन विज्ञप्तिमा नैतिकता देखाए, भनेको त राष्ट्रिय मानवअधिकार आयोगको सदस्य भैसकेको नपाउने व्यवस्था रछ । जनताले मेसो पाएनन्, उनले वाही वाही बटुले, अहिले त्यो भाउँतो दक्षिण अफ्रिकाका लागि राजदूत सिफारिस अर्का पूर्व सदस्यलाई आइलागेछ फेरि ।

## तपाईंको राशिफल

| | |
|---|---|
| मेष : | विवाद हुने योग छ । लामो यात्रा हुने योग छ । |
| वृष : | प्रियजनसँग भेट हुनेछ । घरेलु जिम्मेवारीमा वृद्धि हुनेछ । |
| मिथुन : | धनमा वृद्धि हुने देखिन्छ । वाणीमा नियन्त्रण राख्नु होला । |
| कर्कट : | पुरानो मुद्दा मामिला सुल्झिनेछ । स्वास्थ्य राम्रो रहनेछ । |
| सिंह : | सम्मानमा वृद्धि हुनेछ । बाहिरी सहयोगमा कमी आउन सक्छ । |
| कन्या : | सामाजिक कार्यमा वृद्धि हुनेछ । पराक्रम बढ्नेछ । |
| तुला : | नयाँ सम्पर्क बन्नेछ । राजनीतिक सम्बन्धमा मजबुती आउनेछ । |
| वृश्चिक : | नयाँ साथी बन्ने योग छ । नयाँ काम मिल्ने सम्भावना छ । |
| धनु : | जीवनसाथीको सहयोग प्राप्त हुन्छ । आर्थिक कार्यमा अनुकूल प्रगति हुनेछ । |
| मकर : | विरोधी सक्रिय रहनेछन्, तर असफल हुने योग छ । |
| कुम्भ : | व्यापारिक प्रगति राम्रो हुनेछ । राजनीतिक कार्य सफल हुन्छ । |
| मीन : | उन्नतिको मार्ग प्रशस्त हुनेछ । शिक्षा सम्बन्धी कार्यमा रोकावट आउनेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# संघीयतामाथिको प्रश्न

विचार



● नारायण गाउँले

संघीयता किन चाहिएको थियो ? पहिचानका लागि ? प्रतिनिधित्वका लागि ? विकासका लागि ? संघीयताबाट के हासिल भयो ? न ऐतिहासिकता, न औचित्य, न पहिचान, न सामर्थ्य, न जातीय क्लस्टर, न शक्ति विकेन्द्रीकरण, न प्रतिनिधित्व । अब पनि संघीयता आवश्यक छैन भन्नेहरूलाई प्रतिगामी या लोकतन्त्र विरोधीको आरोप लगाउनु या त मूर्खता हो, या राजनैतिक बेइमानी ।

जसले जात र समुदायको पहिचान भनेर आम नागरिकलाई बन्दुक बोकाए, हजारौं नागरिकको बलि चढाए, तिनैले दुई तिहाइ मत प्राप्त गरेपछि ह्विप जारी गरेर प्रदेशको नाम लुम्बिनी राखे, गण्डकी राखे ! के यी नाम संघीयता अगाडि थिएनन् र ? प्रतिनिधित्वको कुरा त मजाक मात्रै थियो । सत्ता र शक्तिमा तिनै छन्, जसले हिजो पनि सत्ताको स्वाद चाखेका थिए । सातै प्रदेशमा पुरुष मुख्यमन्त्री छन् । यतिसम्म कि महिला मन्त्रालयमा पनि निर्लज्ज रूपमा पुरुष मन्त्री छन् । विकेन्द्रीकरण त झन् मजाकजस्तो छ । सुदूरपश्चिममा मन्त्री बन्न तीन महिनादेखि बुढानीलकण्ठ या बालकोट धाएको देख्नुभएकै होला । प्रदेश सरकार भनेको काठमाडौँमा भाग लगाएर कसलाई कुन बाँड्ने भन्ने निर्णय हुँदै आएको छ । झन्डै एक खर्ब त तिनको कार्यालय र गाडी किन्न खर्च भएको छ !

दलदास नबनी हेर्ने हो भने के यति सानो देशमा नौ वटा संसद् र नौ जना सभामुख चाहिन्छ ? आठ सय सांसद र डेढ सय बढी मन्त्री चाहिन्छ ? देशको राजश्वले नधानेर भारत-चीन र अमेरिकासँग हात फैलाउनुपर्ने संरचना चाहिन्छ ?

हाम्रा वडाध्यक्षका कार्यकक्ष समेत बेलायती मन्त्रीका कार्यालयभन्दा खर्चिला छन् । तामझाम र उन्माद त छ तर सेवाको भाव शून्य छ । एउटा दलितले दलित भएको सिफारिस लिनसमेत पैसा तिर्नुपर्छ । प्रदेश सांसददेखि मन्त्रीसम्मका सल्लाहकार, गाडी, निवास, भत्ता र शानमानको खर्च हाम्रो पसिनाको करले पुग्नेभन्दा धेरै महँगो छ । तिनले चढ्ने गाडी र पेट्रोलका लागि हामीले कर तिरेर मात्रै पुग्दैन, विदेशी ऋण समेत थाप्लोमा बोक्नुपर्छ ! महामारीमा हेलिकप्टर चढ्ने नेताको निःशुल्क उपचार हुने तर दैनिक छाक जुटाउन नसक्नेले धरौटी राख्नुपर्ने अवस्था छ ।

तिनै अकर्मण्य, तिनै अक्षम, तिनै अशिक्षित र तिनै विवेकहीन दस्तालाई भाग शान्ति मिलाएर आजीवन जागिर खुवाउनेबाहेक संघीयताले केही दिएको छैन । अलिकति विभाजन, अलिकति कर र अलिकति गरिबीबाहेक यसले केही दिँदैन पनि । समृद्धि त बालुवाटार किन्न सक्ने सुकुम्वासी र देशलाई नै शरणार्थी बनाएर बेच्न सक्नेहरूको मात्रै आउने हो ।

गाउँको एउटा नहर बनाउन चाहिने पचास लाख केन्द्रको योजना आयोग, प्रदेशको योजना आयोग, संघीय सरकारका बैठक भत्ता, प्रदेश सरकारका सांसद र मन्त्री अनि स्थानीय सरकारका कमिसन हुँदै पचास हजारमा आइपुग्छ र त्यतिले कागजमा मात्रै नहर बन्छ । तर, नहरमा पानी नआए पनि हाम्रो काँधमा ऋणचाहिँ ब्याज र कमिसन गरेर ८० लाखको आइपुग्छ । फेरि त्यो कागजी नहरको लेखा परीक्षण भन्दै स्थानीय, प्रदेश र केन्द्र गर्दै अर्को १० लाख खर्च हुन्छ ।

१० खर्ब राजश्व नउठ्ने देशमा ११ खर्ब खर्च गरेर मन्त्री र कर्मचारी पाल्ने हो भने विकास गर्ने पैसा कहाँबाट ल्याउने ? विदेशीको ऋण खाएको छ, त्यसको साँवा ब्याज तिर्ने तीन/चार खर्ब कहाँबाट ल्याउने ? तपाईंले ढाड सेक्ने गरी तिरिरहेको करबाट एक सुका पनि विकासका लागि बच्दैन भने कस्तो समृद्धिको भाषणमा ताली बजाउने ? भारतको संघीयता हेर्ने, तर उसको एउटा राज्य उत्तर प्रदेशको जनसंख्या मात्रै हाम्रो देशको भन्दा आठ गुना बढी भएको तथ्य नहेर्ने ? कहाँ २४ करोडको एउटा राज्य, कहाँ तीन करोडमा सात वटा राज्य ।

हो, हामीलाई समानता, समता, समावेशिता र एकता चाहिएको छ । सधैँभरि विदेशीलाई श्रम बेच्न नपर्ने खालको अर्थतन्त्र चाहिएको छ । देशको नक्सा काटेर हासिल हुने विषय होइनन् यी । हाम्रो बाटै गलत छ । टुक्रा काटेर, कित्ता काटेर पहिचान खोज्ने होइन, सिङ्गो देश नै तपाईंको पहिचान हो ! एउटा बित्ता जत्तिको कित्ता मात्रै तपाईंको होइन, चार वटै भित्ताभित्रको सिङ्गो देश तपाईंको हो ।

हामीसँग स्थानीय तह छन् । त्यसैलाई परिमार्जन गर्ने हो भने पहिचान, विकेन्द्रीकरण र स्थानीय प्रतिनिधित्व त्यसले सुनिश्चित गर्न सक्छ । समावेशिताका लागि अन्य थुप्रै प्रभावकारी र परीक्षित उपकरण छन्, उपाय छन् । संघीयता वास्तवमैं औचित्यहीन छ । हो, संघीयताको समर्थन या बचाउ गर्न सकिन्छ तर, अझै पनि दलदास बन्दै विवेक बन्दकी राखेर संघीयताको विरोध गर्ने जति मण्डले हुन् भन्ने सुगा रटाइ रट्नु जरुरी छैन ! लुम्बिनी अञ्चल भन्दा प्रतिगामी हुने तर लुम्बिनी प्रदेशभन्दा अग्रगामी हुने कसरी हुन्छ र ?

*(सामाजिक सञ्जालबाट साभार ।)*

# ब्राजिलमा विमान दुर्घटना, ६१ जनाको मृत्यु

**काठमाडौं/एजेन्सी–** ब्राजिलको साओ पाउलो राज्यमा शुक्रबार ५७ जना यात्रु र ४ चालक दलका सदस्य बोकेको एक विमान दुर्घटनामा परेको छ। विमानमा सवार सबै ६१ जनाको मृत्यु भएको एयरलाइन्सले जनाएको छ।

दक्षिणी राज्य परानाको क्यास्कावेलबाट साओ पाउलो सहरका लागि उडेको भोपास एयरलाइन्सद्वारा सञ्चालित एटीआर ७२-५०० विमान भिन्हेडो सहरमा दुर्घटनामा परेको हो। लगभग ७६ हजार जनसंख्या रहेको भिन्हेडो शहर साओ पाउलोबाट लगभग ८० किलोमिटर उत्तरपश्चिममा अवस्थित छ।

स्थानीय सञ्चारमाध्यमले प्रसारण गरेको तस्विरमा उक्त जहाज आकाशमा



चक्कर लगाउँदै खसेको र दुर्घटनास्थलबाट धुवाँको मुस्लो उडेको देखिन्छ। साओ पाउलो राज्यका गभर्नर टारसिसियो डे फ्रिटासले घटनास्थलमा पत्रकारहरूलाई भने ‘पीडितको शव पहिचान प्रक्रिया सुरु भइसकेको छ र यो रातभरि जारी रहनेछ।’

ब्राजिलका राष्ट्रपति लुला दा सिल्भाले यस घटनाप्रति दुख व्यक्त गर्दै राज्यमा तीन दिन शोकको घोषणा गरेका छन्। भोपासले पीडितका परिवारलाई पूर्ण सहयोग गरिरहेको र दुर्घटनाको कारण पत्ता लगाउन अधिकारीहरूसँग सहकार्य गरिरहेको बताएको छ। ब्राजिलको सेनिपा उड्डयन दुर्घटना एजेन्सीले यस घटनाको अनुसन्धान शुरु गरेको छ।

# युक्रेनी आक्रमण रोक्न रुसको नयाँ अभियान शुरु



काठमाडौं/एजेन्सी- रूस र युक्रेनबीचको द्वन्द्वमा कियभको सबैभन्दा ठूलो आक्रमण रोक्न मस्कोले शनिबार युक्रेनसँग जोडिएका तीन सीमावर्ती क्षेत्रमा ‘आतंकवाद विरोधी अभियान’ शुरु गरेको छ।

विश्लेषकले युक्रेनीहरूले मंगलबार रुसको पश्चिमी कुर्स्क क्षेत्रमा आक्रमण गरेको र निरन्तर अघि बढ्ने क्रममा रहेको बताएका छन्। रूसले यस प्रक्रियालाई रोक्नका लागि ‘ट्यांक रकेट लञ्च’र र उड्डयन एकाईसहित अतिरिक्त सेना र उपकरणहरू सिमाक्षेत्रमा तैनाथ गरेको छ।

रूसको आतंकवाद विरोधी समितिले शुक्रबार बेलगोरोड, ब्रायन्स्क र कुर्स्क क्षेत्रमा आतंकवाद विरोधी अपरेसनबाट नागरिकको सुरक्षा सुनिश्चित गरी युक्रेनी खतरालाई नियन्त्रण गर्ने जनाएको छ।

अभियान शुरु गरिएका क्षेत्रमा आवगमन प्रतिबन्धित गरिएको, फोन कलहरूमा निगरानी गरिएको छ र यी क्षेत्रलाई ‘नो-गो जोन’ घोषणा गरी प्रमुख पूर्वाधारमा सुरक्षा कडा गरिएको छ।

आतंकवाद विरोधी समितिले युक्रेनले रूसका धेरै क्षेत्रमा आक्रमण गर्ने प्रयास गरेको जनाएको छ। समितिले युक्रेनको आक्रमणलाई आतंकवादी आक्रमण घोषणा गर्दै कियभका सेनाले नागरिकमाथि आक्रमण गरेको र आवासीय भवनहरू ध्वस्त पारेको जनाएको छ।

राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले यस हप्ताको सुरुमा रुसले युक्रेनविरुद्ध गरेको आक्रमणको नतिजालाई महसुस गर्नुपर्ने भन्दै आफ्ना सेनाको प्रारम्भिक सफलता दाबी गरेका थिए।

अभियानका क्रममा रूसमा आक्रमण गर्न खोज्ने २६ युक्रेनी ड्रोनलाई खसालिएको रूसले जनाएको छ।

# युनुसद्वारा राजनीतिक, सामाजिक र धार्मिक सहिष्णुताका लागि अपिल

**काठमाडौं/एजेन्सी–** बंगलादेशका अन्तरिम सरकारको नेतृत्व गर्नुभएका नेता मोहम्मद युनुसले शनिबार राजनीतिक, सामाजिक र धार्मिक एकताका लागि सबै देशबासीसँग अपिल गरेका छन्।

शेख हसिनाको १५ वर्षे शासन अन्त्य गर्ने क्रममा भएको जनप्रदर्शनमा प्रहरीले चलाएको गोली लागि मृत्यु भएका एक छात्राकी रोइरहेकी आमालाई अँगालो हाल्दै अन्तरिम सरकारको नेतृत्वकर्ता युनुसले विगतको हृदय विदारक घटनालाई मनमा राख्न र धार्मिक सहिष्णुता प्रकट गर्न आग्रह गरेका हुन्।

नोबेल पुरस्कार विजेता ८४ वर्षीय युनुस यसै साता युरोपबाट फर्किनुभएको र अव्यवस्थाको अन्त्य र प्रजातान्त्रिक सुधारको ठूलो चुनौतीको सामना गर्दै अन्तरिक प्रशासनको नेतृत्व सम्हालेका हुन्। ‘हाम्रो



जिम्मेवारी नयाँ बङ्गलादेश निर्माण गर्नु हो,’ उनले भने।

पूर्वप्रधानमन्त्री हसिनालाई विद्यार्थी आन्दोलनको बलमा गत साता पदच्युत गरिएपछि देशका हिन्दू अल्पसंख्यक समुदायमाथि भएका कैयौं प्रतिशोधात्मक आक्रमणले छिमेकी मुलुक भारतमा सन्त्रास पैदा गर्नुका साथै स्वदेशमा पनि त्रास फैलाएको छ।

युनुसले उत्तरी शहर रंगपुरको भ्रमणका क्रममा गत महिना भएको अशान्तिका क्रममा मारिएका पहिलो विद्यार्थी अबु सायिदको सम्झनामा शान्ति कायम गर्न आह्वान गरेका थिए। उनले भने, ‘धर्मका आधारमा विभेद नगर्नुहोस्।’

नोबेल पुरस्कार विजेता युनुसले भने, ‘सायिद अहिले हरेक घरमा हुनुहुन्छ। उहाँ जसरी राष्ट्रिय जागरणका लागि उभिनुभयो, हामीले पनि त्यस्तै गर्नुपर्छ। अबु सायिदलाई हेर्ने दृष्टिकोणबारे बंगलादेशमा कुनै मतभेद छैन।’

विद्यार्थीको नेतृत्वमा हसिनाको सरकारविरुद्ध भएको प्रदर्शनमाथि प्रहरीले दमन गर्दा २५ वर्षीय सायिदको जुलाई १६ मा प्रहरीले चलाएको गोली लागि मृत्यु भएको थियो।

# कारागारमा भएको झडपमा १२ कैदीबन्दीको मृत्यु



काठमाडौं/एजेन्सी- पूर्वप्रधानमन्त्री शेख हसिना अपदस्थ भएको केही दिनपछि बंगलादेशको दुई कारागारबाट कैदीहरु भाग्ने प्रयास गर्दा भएको झडपमा कम्तिमा १२ जनाको मृत्यु भएको अधिकारीहरूले शनिबार बताएका छन्। देशको राजधानी ढाकाको उत्तरमा रहेको दुबै कारागारमा भएको यो घटना राष्ट्रव्यापी अशान्तिले निम्त्याएको एक श्रृंखला हो। आक्रोसित कैदीहरूले जेलका गार्डलाई आक्रमण गरेपछि जामपुर जेलमा भएको कैदी र प्रहरीको झडपमा बिहीबार छ जना कैदीको मृत्यु भएको वार्डन अबु फताहले बताए।

कैदीहरुले सुरक्षाका लागि खटिएका प्रहरीलाई फलामको रड र धारिलो हतियारले आक्रमण गरेका थिए। कारागारमा आगो लगाएर भाग्ने प्रयास गरेपछि भएको झडपमा कैदीहरुको मृत्यु भएको फताहले बताएका छन्। ‘कैदीहरुको अराजक गतिबिधिले हामी गोली चलाउन बाध्य भएका हौं,’ उनले भने।

त्यसैगरी उच्च सुरक्षासहितको काशमपुर जेलमा मंगलबार कैदीहरु भाग्ने प्रयासका कारण भएको झडपमा अन्य छ जना कैदीको मृत्यु भएको जेलका वार्डन लुत्फर रहमानले बताए।

रहमानले कैदीहरूले गार्डमाथि आक्रमण गरी जेलको मुख्य गेट फुटाएर भाग्न खोजेपछि गोली चलाउन बाध्य भएको बताए। झडपका क्रममा उक्त जेल बाट करिब दुई सय कैदीहरू भागेको उनले उल्लेख गरे।

हसिना सरकारविरूद्ध विरोध प्रदर्शन सुरु भएदेखि बङ्लादेशभरी कैदीबन्दीहरु जेलबाट भाग्ने प्रयासमा छन्। पूर्वप्रधानमन्त्री हसिनाले राजीनामा दिएको दिन सोमबार उत्तरी जिल्ला सेरपुरको जेलबाट ५ सय भन्दा बढी कैदीहरू भागेका थिए।

# गाजाको विद्यालयमा इजरायली हमला, एक सय बढीको मृत्यु

**काठमाडौं/एजेन्सी–** गाजाको नागरिक सुरक्षा विभागले शनिबार गाजा सहरको एक विद्यालयमा इजरायली हमलामा ज्यान गुमाउनेको सङ्ख्या ९० देखि एक सय सम्म पुगेको अनुमान गरेको छ।

‘मृतकको संख्या हालसम्म एक सय बढी रहेको अनुमान छ, दर्जनौं घाइते भएका छन्। विस्थापित प्यालेस्टिनीहरू बस्ने विद्यालयमा तीनवटा इजरायली रकेट प्रहार गरिएको थियो,’ विभागका प्रवक्ता महमुद बासलले बताउनुभयो।

गाजाको सरकारी सञ्चार कार्यालयले आक्रमणमा एक सय भन्दा बढीको मृत्यु भएको बताएको छ। इजरायली सेनाले अल-ताबिन विद्यालयमा रहेको हमासको कमाण्ड एन्ड कन्ट्रोल सेन्टरमा आक्रमण गरेको बताएको छ।

इस्लामिक जिहाद प्यालेस्टिनी सैन्य समूहले बिहानको प्रार्थनाको समयमा विद्यालयमा आक्रमण भएको बताएको छ। गाजा सरकारी सञ्चार कार्यालयका महानिर्देशक इस्माइल अल-थावाब्ताले बताएअनुसार आक्रमणमा १ सय भन्दा बढीको मत्यु र दर्जनौं घाइते भएका छन्, जसमध्ये अधिकांशको अवस्था गम्भीर छ।

गाजा सरकारी सञ्चार स्रोतहरूले उक्त विद्यालयमा करिब दुई सय ५० जना महिला र बालबालिका रहेको र तीमध्ये लगभग आधा महिला र बालबालिकाको आक्रमणमा मृत्यु भएको बताएका छन्।

यसैबीच इजरायलले शनिबार एक विद्यालयलाई लक्षित गरी गरेको हवाई आक्रमणमा एक सय बढीको मृत्यु भएपछि संयुक्त राष्ट्रसंघद्वारा नियुक्त एक मानवअधिकार विज्ञले गाजा युद्धमा इजरायलले व्यापक ‘नरसंहार’ गरेको आरोप लगाएका छन्।

‘इजरायलले एउटा अस्पताल, विद्यालय र शरणार्थी शिविरमा आक्रमण गर्दा ठूलो मानवीय क्षति भएको र अधिकांश महिला बालबालिका र सर्वसाधारण हताहत भएका छन्,’



प्यालेस्टिनी भूभागमा अधिकारको स्थितिसम्बन्धी संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक फ्रान्सेस्का अल्बानीजले सामाजिक सञ्जाल एक्समा भनेका छन्।

इजरायलले ‘अमेरिकी र युरोपेली हतियार’ प्रयोग गरेर प्यालेस्टिनीविरुद्ध यस्तो आक्रमण गरिरहेको अल्बानीसले बताए। उनले भने, ‘प्यालेस्टिनीहरूले उनीहरूको रक्षाका लागि अधिकारवादी समूहले खेल्नुपर्ने भूमिकामा सामूहिक अक्षमताका लागि हामीलाई क्षमा गरून्।’

गत मार्चमा जारी गरिएको एक रिपोर्टमा अल्बानीजले गाजामा इजरायलले आफ्नो युद्धमा ‘नरसंहार’ का थुप्रै कार्यहरू गरेको पुष्टि गर्ने ‘उचित आधार’ रहेको बताएका थिए। लामो समयदेखि अल्बानीज र उनको जिम्मेवारीको अत्यधिक आलोचना गर्दै आएको इजरायलले रिपोर्टलाई ‘वास्तविकतालाई छायाँ पार्ने काम’का रूपमा निन्दा गर्दै आएको छ।

इजरायलमा अक्टोबर ७ मा हमास समूहले गरेको आक्रमणको बदलामा गाजापट्टीमा १० महिना लामो सैन्य कारबाही चलाउँदै आएको इजरायलमाथि हमासले गरेको आक्रमणको पनि उनले निन्दा गर्दै आएका छन्। विशेष दूतहरू संयुक्त राष्ट्र संघीय मानव अधिकार परिषद्वारा नियुक्त भएका स्वतन्त्र पर्यवेक्षक हुन्।

यसैबीच, इराकका शीर्ष शिया मुस्लिम धर्मगुरु ग्रान्ड अयातुल्लाह अली सिस्तानीले इराननिकट दुई लडाकु नेताको हत्यापछि क्षेत्रीय तनाव र सम्भावित ‘विनाशकारी परिणाम’ को जोखिम रहेको शनिबार बताएका छन्।

सिस्तानीले गाजामा जारी ‘नरसंहार’ र युद्ध अन्त्य गर्न पनि आग्रह गरेका छन्। उनको यो भनाइ शनिबार विस्थापित प्यालेस्टिनीहरूको एक विद्यालयमा भएको हवाई आक्रमणमा एक सय जनाभन्दा बढीको मृत्यु भएपछि आएको हो।

दुर्लभरूपमा राजनीतिक गतिविधिबारे अभिव्यक्ति दिने इस्लामिक धर्मगुरू सिस्तानीले एक सन्देश जारी गर्दै भने, ‘गाजामा जारी अपराधको श्रृंखलामा फेरि एउटा निन्दनीय घटना थपिएको छ। इजरायली सेनाले गाजामा ठूलो नरसंहार गरेको छ।’

उनले हमास र हिजबुल्लाह समूहका शीर्ष नेताहरूको हालैको हत्याले ‘ठूलो भिडन्त’को खतरा बढाएको र यसले यस क्षेत्रका लागि ‘विनाशकारी परिणाम’ निम्त्याउन सक्ने चेतावनी दिएका हुन्।

‘हामी फेरि एक पटक विश्वलाई यस भयानक क्रूरताविरुद्ध उभिन आह्वान गर्दछौं,’ सिस्तानीले भने, ‘गाजामा नरसंहार युद्धको अन्त्यका लागि दबाब दिन मुसलमानहरूलाई एकजुट हुन हामी आग्रह गर्दछौं।’

यता संयुक्त राष्ट्रका मानवतावादी संस्थाले शुक्रबार पछिल्लो इजरायली निकासी आदेशपछि कम्तिमा ६० हजार गाजवासी विस्थापित भई पश्चिमी खान युनूसतर्फ सरेको अनुमान गरेको छ।

मानवीय मामिला समन्वयका लागि राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) ले उत्तरी र दक्षिणी गाजाको लगभग ४३ वर्ग किलोमिटर क्षेत्रमा यस हप्ता इजरायलले निकासी आदेश जारी गरेको जानकारी दिएको छ।

ओसिएएचएले गाजामा आफ्ना साझेदारद्वारा करिब २३० विस्थापनस्थल, तीन दर्जन भन्दा बढी पानी, सरसफाइ, अस्पतालसहित स्वास्थ्य सुविधाको व्यवस्था गरेको जनाएको छ।

गाजापट्टीको ८० प्रतिशतभन्दा बढी भूभागमा गत अक्टोबरदेखि निकासी आदेश जारी गरिएको अनुमान ओसिएएचएले गरेको छ। विपक्षीहरु बीच बढ्दो शत्रुता, सहायता अवरोध, असुरक्षालगायतका कारण गाजामा सहायता आपूर्ति चुनौतीपूर्ण बनेको कार्यालयले जनाएको छ।

मे महिनाको शुरुदेखि रफाह क्रसिङ बन्द भएपछि गाजामा सहायताको मात्रा आधाभन्दा बढी घटेको ओसिएचएले जानकारी दिएको छ। यसैगरी विगत तीन महिनामा केरेम शालोम क्रसिङबाट भित्रिने सहायतामा ८० प्रतिशतभन्दा बढीको गिरावट देखिएको छ।

पछिल्लो समयमा मानवीय सहायताका लागि आवश्यक समन्वयको अनुरोधलाई इजरायली अधिकारीहरुले बारम्बार अस्विकार र अवरोध गरेको ओसिएइचएले जनाएको छ।

कार्यालयको अनुसार चालु महिनामा उत्तरी गाजामा जारी ६७ सहायता मिसनमध्ये २४ वटालाई मात्र इजरायली अधिकारीहरूले सहयोग गरेका थिए। बाँकीलाई सुरक्षा परिचालनलगायतका कारण देखाई रद्द गरेको कार्यालयले जनाएको छ।

# अमेरिकामा प्रत्येक वर्ष भवनमा ठोक्किएर मर्छन् एक अर्ब बढी चरा

**काठमाडौं/एजेन्सी–** अमेरिकामा भवनमा ठोक्किएर घाइते वा बेहोस भएका अधिकांश चराहरू निको नहुने गरेको नयाँ अध्ययनले देखाएको छ। अध्ययनले भवनहरूमा ठोक्किएर मारिएका चराहरूको सङ्ख्या एक अर्बभन्दा बढी हुन सक्ने अनुमान गरेको छ। अमेरिकामा जङ्गली चराहरूको लागि प्रमुख खतरामध्ये भवनमा ठोक्किनु पनि एक चिन्ताजनक विषय हो। अध्ययन भवनमा ठोक्किएर भएका दुर्घटनाबाट हुने चराको मृत्युदरको र घाइते भएका चराहरूको संख्यामा मात्र आधारित रहेको वाशिङ्गटन पोस्टले अध्ययन प्रतिवेदनलाई उद्धृत गरी उल्लेख गरेको छ। यो हप्ता ‘प्लोस वन जर्नल’मा प्रकाशित अध्ययन प्रतिवेदनमा अन्वेषकहरूले चराहरूलाई उनीहरूको दीर्घकालीन



बाँच्ने दर मूल्यांकन गर्न वन्यजन्तु पुनर्वास केन्द्रहरूमा लगिएको थियो।

यसले सन् २०१६ र सन् २०२१ को बीचमा उत्तरपूर्वी संयुक्त राज्य अमेरिकाका घटनाहरू अध्ययन गर्ने अन्वेषकहरूले १५२ प्रजातिका चरासहित तीन हजार १०० भन्दा बढी भवनमा ठोक्किएर भएका दुर्घटनाहरूको रेकर्ड जाँच गरेको गरेका र दुर्घटनापछि पुनर्वास केन्द्रहरूमा लगिएका लगभग ६० प्रतिशत चरा मरेका थिए।

उक्त अध्ययनमा सबैभन्दा सामान्य रूपमा पाइने प्रजातिहरू जस्तैः ढुकुर, अमेरिकी धोबी चरा, उत्तरी कार्डिनल, कूपर्स हक्स र ग्रे क्याटबर्डहरू थिए।

कीराहरूको अत्यधिक फैलावट नियन्त्रण गर्नेदेखि लिएर बीउहरू फैलाउन मद्दत गर्ने इकोसिस्टमको महत्वपूर्ण संवाहक चरा हो भन्ने बढ्दो मान्यताको बीचमा, धेरै अमेरिकी शहर र राज्यहरूले नयाँ भवनहरूलाई थप पंक्षीमैत्री हुन आवश्यक पर्ने नियमहरू पारित गरेका छन्।

# बक्स अफिस समाचार




कलाकार मदनदास श्रेष्ठले गायक कामतसँग पहिलोपटक रेडियो नेपालमा भेटेको स्मरण गर्दै गीतसंगीत सदैव अमर रहने बताए । उनले भने, 'उहाँ निकै सरल र मिलनसार स्वभावको हुनुहुन्थ्यो । आफ्ना पीडा लुकाएर पनि बाँच्ने मान्छे । उहाँका शिष्यले नै अब संगीतमार्फत अमर बनाउनुपर्छ ।'

## संगीतकर्मीले सम्झिए गुरुदेव कामत

**काठमाडौं/मस-** दिवंगत शास्त्रीय संगीतका गायक तथा संगीतकार गुरुदेव कामतलाई स्मरण गरिएको छ । शनिबार जमलस्थित नाँचघरमा गुरुदेव कामत संगीत फाउण्डेसन तथा गुरुकुल संगीत पाठशालाले संयुक्तरूपमा आयोजना गरेको श्रद्धाञ्जली एवम् समवेदना कार्यक्रममा गीतसंगीतसँगै नेपाली शास्त्रीय गीतसंगीतमा गायक कामतले पुऱ्याएको योगदानको चर्चा गरियो ।

कलाकार मदनदास श्रेष्ठले गायक कामतसँग पहिलोपटक रेडियो नेपालमा भेटेको स्मरण गर्दै गीतसंगीत सदैव अमर रहने बताए । उनले भने, 'उहाँ निकै सरल र मिलनसार स्वभावको हुनुहुन्थ्यो । आफ्ना पीडा लुकाएर पनि बाँच्ने मान्छे । उहाँका शिष्यले नै अब संगीतमार्फत अमर बनाउनुपर्छ ।'

कलाकार श्रेष्ठले गायक कामतको गीतसंगीत र सिर्जना आउँदो पुस्ताका लागि मार्गदर्शन हुनेमा जोड दिए । उनले एउटा सर्जक उपचार अभावमा ज्यान गुमाउनुपर्ने अवस्था राज्यका लागि सुहाउँदो नभएकाले आउँदा दिनमा यस्तो हुन नदिन गीतसंगीतलाई हेर्न गठित संस्थाले सतर्कता अपनाउनुपर्ने बताए ।

गायक कामतसँग निकट गायक तथा कलाकार मुरलीधरले आफूले भाइ गुमाएको बताए । 'मैले र गायक कामतले सँगै धेरै काम गरेका छौं । नाटकदेखि गायनसम्म हामीले सहकार्य गर्यौं,' उनले भने ।

उनले गायक कामतको सम्झना दुई गीत गुनगुनाए । 'उहाँले मलाई चलचित्रमा गीत गाउन दिनु भन्नुभएको थियो । तर ती सब निर्माता र निर्देशकले तय गर्ने भएपछि मैले त्यो अवसर दिन सकिनँ । उहाँको त्यो गुनासो सम्झिरहेको छु, अब उहाँको कामलाई सङ्हित गर्नुपर्ने दायित्व शिष्य र फाउण्डेसनमा आएको छ,' मुरलीधरले भने ।

संगीतकार राजु सिंहले गायक कामत संगीतको अनुसाशित साधक रहेको बताए । 'गीतसंगीतमा साधना गर्ने एउटा अनुशासन हुन्छ । उहाँ त्यो कायम गरेर साधना गर्नुहुन्थ्यो । हामीले उहाँको सपनालाई पूरा गर्नु नै सच्चा श्रद्धाञ्जली हुनेछ । यसका लागि हामीले धेरै कार्य गर्नु छ,' उनले भने । उनले संगीतको बीमा हुनुपर्ने, गायक कामतको सालिक बन्नुपर्नेलगायत विषयमा चर्चा गरे ।

गायक कामतको शिष्य रहेकी गायिका शर्मिला बर्देवाले डायलाइसिसको समयमा अन्तिमपटक कुराकानी गरेको स्मरण गरिन् । उनले भनिन्, 'उहाँसँग थोरै बोल्न पाएँ, त्यही अन्तिम संवाद भयो । मैले उहाँसँग विसं २०२५ देखि २०४८ सम्म संगीत सिकेकी थिएँ । त्यही क्रममा मलाई चलचित्रमा गाउने अवसर आएको थियो । उहाँले शास्त्रीय संगीतलाई नछाडी अन्यलाई अँगाल्नु भन्नुभएको थियो । तर, विविध कारणले मैले शास्त्रीय संगीतलाई निरन्तरता दिन सकिनँ, यसमा दुःख लागेको छ ।'

कार्यक्रममा फाउण्डेसनका संस्थापक अध्यक्ष प्रभातसगार सिंह प्रधानले एउटा सर्जक उपचार गर्न नसकेर काठमाडौं छाडेर गाउँ फर्कनु पीडादायक रहेको बताए । 'बिरामीहरु काठमाडौं उपचार गराउन आएको सुनेको छु, तर गायक कामत गाउँ फर्किनुभयो । यहाँ उपचारमा आर्थिक संकट भएपछि गाउँमै केही होला भनेर फर्किनुभएको हो । हामीले पनि उपचारका लागि आर्थिक पहल गरिरहेका थियौं, तर उहाँले छिट्टै छाडेर जानुभयो,' अध्यक्ष प्रधानले भने ।

त्यस अवसरमा साहित्यकार मुकुन्द पौडेलले गायक कामतको जीवनी सुनाएका थिए । यस्तै उनका शिष्य भीम मगरसहितको समूहले गायक कामतको स्वर र संगीत रहेको 'कुन पापीले कुन निष्ठुरीले' गीतमार्फत श्रद्धाञ्जली दिएका थिए । यही साउन १७ गते दिवंगत भएका गायक कामतको १०औं दिनमा श्रद्धाञ्जली सभाको आयोजना गरिएको हो ।

## मौलिकताले भरिएको तिज गीत 'माइतीघर'




**किस्ना आचार्य रोशनी/मध्यान्ह**
काठमाडौं, २६ साउन

गीतको गुञ्जन कानमा पर्दा मुटुमा तिजको तरंग उत्पन्न हुने, सुन्दै तिज लागेको अनुभूति हुने गीत 'माइतीघर' । कानमा ' माइतीघर'को गुञ्जनले साँच्चिकै तिजको झल्को गराउँदो रहेछ । यतिबेला तिज नजिकिँदै गर्दा सयौं तिज गीतहरु बजारमा आएका छन् । बजारमा आएका कति गीतहरु तिजभन्दा बेग्लै कथा र प्रसंगमा भएका कारण कतिले गाली खाइरहेका छन् भने कति गुमनाम छन् । अहिलेसम्म बजारमा आएका गीतमध्ये एकाध गीतहरुले दर्शक स्रोताको माया पाएका छन् । पर्व गीतका रुपमा गाइने तिज गीतका सन्दर्भमा अधिकांश गीत तिजको प्रसंग बाहिरका छन् ।

मौलिक तिज गीतको खडेरी परिरहेका बेला 'माइतीघर' नामक तिज गीत साँच्चिकै मौलिकताको भारी बोकेर बजारमा आएको छ । गायिका सीता परियारको स्वरमा सजिएको यो गीत विशुद्ध तिजसँग समर्पित छ ।

खासगरी लाइभ दोहोरी त्यसमा पनि प्रतियोगितामा आफूलाई अब्बल सावित गरिसकेकी गायिका परियारको स्वरमा सजिएको यस गीतले साँचिक्कै चेली र माइतीको वास्तविक माया र यो चाडसँग जोडिएको परम्परागत संस्कारलाई मन छुने गरी प्रस्तुत गरेको छ । दोस्रो विष्णु माझी भनेर चिनिने परियारले यस गीतमा विष्णु माझीको झल्को मेटिने गरी स्वर सजाएकी छिन् ।

शब्द भाव र लयका हिसाबले पनि अब्बल रहेको यो गीतको शब्द तथा संगीत पूर्ण परियारले सिर्जना गरेका हुन् । कृष्ण केसीको संगीत संयोजन, श्यामश्वेत रसाइलीको मिक्सिङ मास्टरिङ रहेको यो गीतमा विशाल घिमिरेको निर्देशन, मुकेश नेपालीको कोरियोग्राफी रहेको छ भने अजय रेग्मीको छायाँकन तथा अमृत चापागाईंको सम्पादन रहेको छ । गीतको भिडियोमा स्मारिका ढकालको नृत्य तथा अभिनय रहेको छ ।

नेपाली लोकसंगीतका दिग्गज कलाकारहरूदेखि दर्शक स्रोताहरुसम्मले यो गीतको प्रशंसा गर्दै सामाजिक सञ्जालमा गीत शेयर गरिरहेका छन् । यो गीत सीता परियार युट्युब च्यानलमार्फत डिजिटल बजारका सबै प्लेटफर्महरुमा उपलब्ध रहेको छ ।

## म्युजिकल फिल्म 'प्याकुली' सार्वजनिक

**काठमाडौं/मस-** वैदेशिक रोजगारीमा गएको युवाको कथामा आधारित 'प्याकुली' नामक म्युजिकल फिल्म सार्वजनिक भएको छ । काठमाडौंको सिटिसी मलस्थित वन सिनेमा हलमा शनिबार आयोजित समारोहमा म्युजिकल गीति फिल्म युट्युबमार्फत सार्वजनिक गरिएको हो ।

नीतिन चन्दले निर्देशन गरेको गीतको भिडियोमा आरआर खड्का, तलीशा गुरूङ, महेश खड्का, घनश्याम जोशी, बाल कलाकार रोनिश खड्का, अर्जुनकाजी श्रेष्ठको अभिनय रहेको छ । आरआर (रामहरि) खड्काको शब्दमा रहेको गीतमा बाबुल गिरीको संगीत र स्वर रहेको छ । शिशिर गरूङले निर्माण गरेको भिडियोलाई उत्सव पौडेलले खिचेका हुन् भने दिनेश पराजुलीले सम्पादन गरेका हुन् ।

समाजको कथालाई आफैं भोगेर शब्दमा उतारेका आरआर खड्काले म्युजिक भिडियोका मुख्य चरित्र निभाएका छन् । 'गाउँ समाजमा घटिरहेको घटनालाई शब्दमा उतारेका छौं । अरूका कुरा सुनेकै भरमा ठूला घटना भइरहेका छन् । कही सत्य घटना पनि होलान । तर अरूका कुरा सुनेर कुनै कदम नचाल्नुस् । श्रम गर्ने परिवारले कागले कान लग्यो भनेर पछि लाग्ने भन्दा पनि कान छाम्ने गरौं । यो गीतको यही सन्देश हो,' उनले भने ।



खड्काले यो घरघरको कथा भएको बताए । 'अधिकांश मान्छे विदेशमा छ । श्रीमान विदेशमा, श्रीमती गाउँमा, सफा नियतले पनि बोल्नै अफ्ठेरो छ । मैलै गाउँमै भोगेको कथा हो । समाजप्रति दायित्व लागेर यो निर्माण गरेका हौं । मनोरञ्जनमात्र होइन सन्देश पनि दिउ भन्ने मुख्य ध्येय हो,' उनले स्पष्ट पारे ।

गीतको भिडियोमा अभिनय गरेकी तलिशा गुरूङले नेपाली समाजको कथालाई प्रस्तुत गर्ने पात्रको रूपमा काम गर्न पाउँदा खुसी लागेको बताइन् । 'प्याकुली एक वर्षपछि रिलिज भयो । राम्रो भिडियो आएको छ । भिडियो हेर्दा म नै होइन जस्तो लाग्यो । गाउँको गृहणी जस्तो महसुस भयो । अब मूल्यांकन गर्ने स्रोत दर्शकको कुरा हो । वास्तविकता भन्दा कुरा सुनेको भरमा सम्बन्धहरू बिग्रिरहेको हुन्छ । यो घरघरको कथा हो,' उनले भनिन् ।

कलाकार महेश खड्काले प्याकुलीमा जोडिन पाउँदा आफ्नो कामलाई फरक पाएको बताए । दुःख पाएको युवाको क्यारेक्टरमा प्रस्तुत गर्न पाउँदा खुसी लागेको उनको भनाइ छ ।

गायक बाबुल गिरीले यो अहिलेसम्मकै फरक खालको उत्कृष्ट गीत भएको बताए । समाजको कथामा चित्रण गरिएको गीतमा सहकार्य गर्न पाउँदा खुसी लागेको उनको भनाइ छ ।

कलाकार तथा निर्देशक दिपाश्री निरौलाले चलिरहेको भन्दा फरक परिवेशमा बनेको गीत उत्कृष्ट भएको बताइन् । ञगीत आफैमा राम्रो बनेको छ । प्रशंसा गर्नै पर्दैन । मिठो बनेको छ । साथीहरूसहित हामी सबै रोइरहेका थियौं । बाकसमा लास आउने तथा अन्य दृश्यले दशैंको माहोल फिल भयो । चलिरहेको भन्दा अलि फरक गीत बनेको छ । मन छोयो । दशर्कले पनि स्वतः मन पराउनु हुनेछ । यस्तो राम्रो गीत बनिरहोस्,' उनले भनिन् ।

गीत सार्वजनिक समारोहमा दिपाश्री निरौला, शिवहरि पौडेल, गीतकार शंकर अधिकारी गायल, निर्देशक ज्ञानेन्द्र देउवालगायत कला क्षेत्रका निर्माता, निर्देशकको उपस्थिति रहेको थियो ।

## तिज गीत 'नाच्ने हो हिल भाँच्ने गरी' सार्वजनिक




**काठमाडौं/मस-** हिन्दु महिलाहरुको महान पर्व तिज नजिकिदै गर्दा तिज गीत सार्वजनिक गर्ने क्रमको प्रतिस्पर्धा नै चलेको छ । यस्तैमा नायिकाहरु शर्मिला मल्ल, अन्जली अधिकारी र एलिशा शर्मा अभिनित तिज गीत 'नाच्ने हो हिल भाँच्ने गरी'को भिडियो सार्वजनिक भएको छ । तीन दिन अगाडि सार्वजनिक गीतको भिडियोले सन्तोषजनक भ्युज बटुलिरहेको छ ।

गीतकार डीपी खनालको शब्दरचना, शंकर थापा 'स्माइल'को संगीत र गायिका निता आचार्यको स्वर रहेको यस मौलिक तिज गीतमा गत वर्ष तिज पर्व मनाउन नपाएकोले यसपाली सबै मिलेर तिजलाई रमाइलो गरी मनाऔं भन्ने भाव प्रस्तुत गरिएको छ । केशवराज भट्टको कोरियोग्राफी र निर्देशनमा बनेको गीतको भिडियोमा नवराज उप्रेतीको सिनेमाटोग्राफी र मिलन विश्वकर्माको सम्पादन रहेको छ ।

विषम आचार्यको संगीत संयोजन रहेको यस गीतको भिडियोलाई गायिका निता आचार्यको अफिसियल युट्युब च्यानलमार्फत सार्वजनिक गरिएको छ ।

### दक्षिणकाली नगरपालिका
### दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको कार्यालय
### दक्षिणकाली, काठमाडौं

**दोपाया चौपाया खुईल्याउने, दुई पाङ्गे, चार पाङ्गे सवारी साधनहरुको पार्किङ र पिकनिक सेडहरुको शुल्क उठाउने सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः-२०८१/०४/२७)**

यस दक्षिणकाली धार्मिक तथा सांस्कृतिक क्षेत्र विकास समितिको आ.व. २०८१/०८२ र ०८२/०८३ (दुई आ.व.) को लागि शिलबन्दी बोलपत्रको माध्यमबाट तपसिल अनुसारको शुल्क उठाउनको लागी ठेक्का आह्वान गरिएको हुदाँ ठेक्का लिन इच्छुक फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कार्यालय समयमा सम्पर्क गरी बोलपत्र दर्ता गराउन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । विस्तृत विवरण यस कार्यालयको वेवसाइट www.dakshinkalitemple.org तथा दक्षिणकाली नगरपालिकाको वेवसाईट www.dakshinkalimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।

| क्र.सं. | ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र फारम दस्तुर रु. | एक आ.व. को न्युनतम दर-रेट (मु.अ.कर बाहेक) | ५% जमानत रकम (मु.अ.कर सहित) |
|---|---|---|---|---|---|
| १. | १/०८१/०८२ | दोपाया चौपाया खुईल्याई शुल्क उठाउने | रु. ३,०००/- | रु. ६०,९७,३२०/ | रु.. ३,४४,४९९/ |
| २. | २/०८१/०८२ | चार पाङ्गे सवारी साधनको पार्किङ शुल्क उठाउने | रु. ३,०००/- | रु. ४०,२०,०००/ | रु.. २,२७,१३०/ |
| ३. | ३/०८१/०८२ | दुई पाङ्गे सवारी साधनको पार्किङ शुल्क उठाउने | रु. ३,०००/- | रु. २२,८१,१९९/ | रु.. १,२८,८८८/ |
| ४. | ४/०८१/०८२ | पिकनिक सेडहरुको शुल्क उठाउने | रु. ३,०००/- | रु. २६,४०,०००/ | रु.. १,४९,१६०/ |

**कार्यकारी अधिकृत**

### कुवेतमा वैदेशिक रोजगार अवसर

कम्पनी : **FALCON INTERNATIONAL SECURITY FAILITIES INSTALLATION CO WLL**

पूर्व स्वीकृत मितिः २०८०/११/१३ चलानी नं.: ६०२१५४२९ LT. No.:300510 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 24 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५९,१५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard (Female) | 0 | 5 | | 150 | ६५,७२८ | | | | | | | |

कम्पनी : **SOFTROCK CENTER CO FOR NON FOOD ITEMS** शहर : **KUWAIT**

पूर्व स्वीकृत मितिः २०७९/१०/०६ चलानी नं.: ६०१९५३३३ LT. No.: 279211 पून विज्ञापन


| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Saleslady | 0 | 3 | सम्बन्धित काममा दक्ष | 130 | ५६९६४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waitress | 0 | 5 | | 130 | ५६९६४ | | | | | | | |
| 3. | Japanees Chef | 2 | 0 | | 200 | ८७६३८ | | | | | | | |

**फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २ गते (18 August 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**MANAKAMANA FOREIGN EMPLOYMENT CO. P. LTD.**
Licence No. 753/064/065
Nagarjun-4, Sitapaila, Kathmandu | Tel: 01-4034677
Mobile: 9810166668 | Email: manakamanamfec1@ gmail.com



पेरिस ओलम्पिकमा महिला फ्रिस्टाइल ७६ केजी १/८ फाइनलमा अमेरिकाकी केनेडी एलेक्सिस ब्लेड्स (तल) रोमानियाकी क्याटालिना एक्सेन्टेसँग प्रतिस्पर्धा गर्दै । तस्बिर : सिन्ह्वा/वू वेई

# साफ यु–२० च्याम्पियनसिपका लागि नेपाली टोली घोषणा



**काठमाडौं/मस–** काठमाडौंमा अर्को हप्ताबाट शुरु हुने साफ यु-२० च्याम्पियनसिपका लागि नेपाली टोलीको घोषणा भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले साफ यु-२० च्याम्पियनसिपका लागि नेपाली राष्ट्रिय टोली घोषणा गरेको हो । प्रतियोगिता भदौ २ गतेदेखि भदौ १२ गतेसम्म दशरथ रंगशालामा आयोजना हुँदैछ ।

एन्फाले शनिबार २३ सदस्यीय युवा टोलीको घोषणा गरेको हो । प्रतियोगितामा ७ राष्ट्रको सहभागिता रहेको छ । ६ राष्ट्रलाई २ समूहमा विभाजन गरिएको छ । समूह ए मा नेपाल सहित बंगलादेश र श्रीलंका रहेका छन् । समुह बी मा भारत, माल्दिभ्स र भुटान रहेका छन् ।

भदौ २ गते हुने उद्घाटन खेलमा घरेलु टोली नेपालले श्रीलंकासँग खेल्ने छ । यस्तै नेपालले समूह चरणको अन्तिम खेल बंगलादेशसँग भदौ १२ गते खेल्ने छ । दुवै समूहको शीर्ष दुई टोली सेमिफाइनल प्रवेश गर्नेछन् ।

नेपाली टोलीमा जियारथ शेख (गोलकिपर), कृषल मोक्तान (गोलकिपर) ,विशाल केसी,सिमान्त थापा, अश्विन घोरा, सैनीबिक्रम तामाङ, आयुष तिम्सिना, मदन पौडेल, राम थापा, समिन घिमिरे, सरोज दर्लामी, निन्साङ लिम्बु, कुशल देउवा, अविनाश स्याङ्तान, जन प्रकाश बम, लचु थापा, निरज कार्की, हरिश राज भट्ट, धर्बेन्द्र कुँवर, अनिल बम्जन, समिर तामाङ, निराजन धामी र रोहन खड्गी रहेका छन् ।

# भानु कप : लिभिक र च्याङ्ली फाइनलमा प्रवेश



**तनहुँ/मस–** तनहुँको भानु नगरपालिका-१ भन्सारमा जारी भानु कपको १७औं संस्करणमा तनहुँको लिभिक कन्स्ट्रक्सन र गोरखाको च्याङ्ली स्पोर्टस् क्लब फाइनलमा प्रवेश गरेका छन् । भन्सार युवा क्लबको आयोजनामा जारी फुटबल प्रतियोगिताको शनिबार सम्पन्न सेमिफाइनलमा भानुको फ्रेन्डशिप युवा क्लबलाई पराजित गर्दै शुक्लागण्डकीस्थित लिभिक कन्स्ट्रक्सन फाइनलमा प्रवेश गरेको हो । उक्त खेलमा लिभिक १-० ले विजयी भएको प्रतियोगिताका प्रचारप्रसार संयोजक राजेश कार्कीले जानकारी दिए ।

त्यस्तै, दोस्रो सेमिफाइनल खेलमा सूर्यपुर एफसी चितवनलाई २-० ले पराजित च्याङ्ली फाइनल प्रवेश गरेको हो । प्रतियोगिताको फाइनल खेल आइतबार हुनेछ ।

भानुभक्त आचार्यको जन्मथलो चुँदीरम्घाको प्रचारप्रसारका लागि क्लबले प्रत्येक वर्ष प्रतियोगिता आयोजना गर्दै आएको छ । क्लबका अध्यक्ष अर्जुनकुमार श्रेष्ठका अनुसार प्रतियोगितामा २४ समूहको सहभागिता रहेको थियो ।

प्रतियोगितामा विजेताले रु दुई लाख ५० हजार दुई सय ११ नगद र उपविजेताले रु एक लाख २५ हजार दुई सय ११ सहित ट्रफी प्राप्त गर्नेछ । त्यस्तै, सेमिफाइनलमा पुग्ने दुई समूहलाई रु २५ हजार दुई सय ११ प्रदान गरिने क्लबले जनाएको छ । प्रतियोगितामा उत्कृष्ट खेलाडीलाई नगद रु पाँच हजार दुई सय ११, उत्कृष्ट गोलरक्षकलाई नगद रु पाँच हजार दुई सय ११ र सर्वाधिक गोलकर्तालाई नगद रु पाँच हजार दुई सय ११ प्रदान गरिनेछ ।

# अफगानिस्तानकी खेलाडी तलाश पेरिस ओलम्पिकबाट अयोग्य घोषित



**काठमाडौं/एजेन्सी–** शरणार्थी ओलम्पिक टोलीका सदस्य अफगानिस्तानकी 'ब्रेकडान्सर' मनीजा तलाशलाई 'अफगानी महिलालाई स्वतन्त्र गर' लेखिएको पहिरन प्रदर्शन गरेकाले पेरिस ओलम्पिकबाट अयोग्य घोषित गरिएको विश्व डान्सस्पोर्ट महासंघले शनिबार जनाएको छ । २१ वर्षीया बी-गर्ल तलाश नेदरल्यान्ड्सको इंडिया सार्डजो विरुद्धको पहिलो प्रतिस्पर्धाको ठिक अघि शुक्रबार नारा सहितको निलो पहिरन पहिरिएर प्रस्तुत भएका थिए ।

'शरणार्थी टोलीका सदस्य एथलीट बी-गर्ल तलाशले ओलम्पिक अधिकारपत्रको नियम ५० को उल्लंघन गर्दै आफ्नो पोशाकमा राजनीतिक नारा प्रदर्शन गरेकोमा अयोग्य घोषित गरिएको हो,' डान्सस्पोर्ट महासंघले विज्ञप्तिमा जनाएको छ ।

नियम ५० ले कुनै पनि ओलम्पिकस्थल वा अन्य क्षेत्रमा कुनै पनि प्रकारको प्रदर्शन वा राजनीतिक, धार्मिक वा जातीय प्रचारमा प्रतिबन्ध लगाएको छ ।

सन् २०२१ देखि तालिबानको नियन्त्रणमा रहेको काबुलमा जन्मिएकी तलाश देशबाट भागेर आफ्ना दुई दाजुभाइसँग स्पेनमा बस्दै आएकी छन् ।

'मैले तालिबानसँग डराएर वा अफगानिस्तानमा बस्न नसकेर देश छाडेको होइन । मैले अफगानिस्तानका महिलाहरुका लागि, आफ्नो भविष्यको लागि देश छोडेको हो,' उनले प्रतियोगिता अघि भनेकी थिइन् ।

'मैले आफ्नो लक्ष्य पूरा गर्ने जोखिम लिएँ । मेरो हृदयमा डर छ तर म हार मान्दिनँ,' उनले सन् २०२१ मा एएफपीलाई भनेकी थिइन् । पेरिस ओलम्पिकमा साइक्लिङ, एथलेटिक्स, पौडी खेल्ने र जुडो स्पर्धामा तालिबान सरकारले स्वीकार नगरेको तीन महिलासहित ६ जना खेलाडीले अफगानिस्तानको प्रतिनिधित्व गरेका थिए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित : २०८१/०४/२७**

**मदानी इन्टरटेन्मेन्ट प्रा.लि.**का मिति २०८१/०३/२७ गते सम्पन्न विशेष /वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **कपुरी क क्रियेशन (प्रा.लि.नं. १४८६१३)** कायम गर्ने गरी मिति २०८१/०४/०१ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : CLEANPRO CLEANING SERVICES LLC | शहर : UAE
पूर्व स्वीकृत मितिः २०८१/०२/०४ | चलानी नं.: ६०२१९७१४ | LT. No.: 305030 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 46 | 20 | स. काममा दक्ष | 900 | ३२,८५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ ३ गते (19 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

LMP
Govt.Lic.No. 1679/080/81
Leading Manpower Recruitment Services Pvt.Ltd.
Mid baneshwor, Kathmandu, Nepal
Tel No.: 01-4500260, 01-4500262, 9802070439, 9802070428
Email: leadingmanpower.recruitnepal@gmail.com



## दुधौली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुधौली, सिन्धुली
बागमती प्रदेश, नेपाल

### क्याटलग/ब्रोसर सपिङ विधिबाट Computed Radiography (CR) System खरिद सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति : २०८१/०४/२७ गते**

यस कार्यालयको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको **Computed Radiography (CR) System** सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा ८ को उपदफा १ (क) (८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (१३ औं संशोधन सहित) को नियम ३१ (ख) बमोजिम त्यस्तो **Computed Radiography (CR) System** उत्पादक कम्पनी वा सो को आधिकारिक बिक्रेताहरु बीच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम **Computed Radiography (CR) System** उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट उक्त **Computed Radiography (CR) System** बिक्री गर्ने नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को अद्यावधिक नविकरण भएको पत्र, स्थायी लेखा नम्बर **(PAN)** तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ. व. २०७९/०८० सम्मको कर चुक्ता गरेको प्रमाणित कागजात, उक्त **Computed Radiography (CR) System** मेसिन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्र, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वा ब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको दिन कार्यालय समय भित्र **Computed Radiography (CR) System** मेसिनको निवेदन दर्ता गराउन सार्वजनिक खरिद नियमावली, २०६४ (१३ औं संशोधन सहित) को नियम ३१ (ख) बमोजिम सूचना आह्वान गरिएको छ । पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदा पछिको कार्यालय खुलेको दिन निवेदन पेश गर्न सकिने छ । थप जनकारीका लागि यस कार्यालायको **www.dudhaulimun.gov.np** वा ०४७-४१२०५२ सम्पर्क गर्न सकिनेछ ।

तपशिल

| सि.नं. | संक्षिप्त विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १. | Computed Radiography (CR) System | १ थान | यहाँ उल्लेख नभएका कुराहरु स्वीकृत technical specification बमोजिम हुनेछ । |

**प्रमुख प्रशासकीय अधिकृत**



## साउदीमा रोजगार

कम्पनी : ADVANCED LINES GROUP FOR GENERAL CONTRACTING. | शहरः Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०४/१३ | चलानी नं.: ६०२२२८११ | L.T. No.:308107

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 2500 | ८९,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading & UnLoading Staff | 1 | 0 | | 1000 | ३५,७२० | | | | | | | |

कम्पनी : OSH AL JAWDA CAR WASH | शहरः Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०४/२३ | चलानी नं.: ६०२२३३५९ | L.T. No.: 308526

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Lubricate & Oil Change Labor | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Vehicle Washing & Greasing Worker | 1 | 0 | | 1000 | ३५,७२० | | | | | | | |

कम्पनी : ALAKTYAR AL- MOSHREQ TRADING CONTRACTING CO | शहरः Saudi Arabia
पुर्व स्वीकृत मितिः २०८१/०४/२५ | चलानी नं.: ६०२२३३५८ | L.T. No.: 308666

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Laborer & Unloading | 12 | 0 | स. काममा दक्ष | 1000 | ३५,७२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २ गते (18 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले ब्यहोर्ने | रु. १,५००/- कामदारले ब्यहोर्ने | रु.१०,०००/- कामदारले व्यहोर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


अल समिट म्यानपावर प्रा.लि.
श्रम ईजाजत पत्र नं. ४१५/०६१/०६२
सामाखुसी, टाउनप्लानिङ, काठमाडौं, फोन नं.: ४३८२२२२, ४३८२४४४, ४३८६५४४, फ्याक्स: नं. ४३८१३६४
Website: www alsmmc com E mail: alsamitmanpower495@gmail com
ISO 9001 certified company

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ELITE GROUP INTERNATIONAL | शहरः Bahrain
पूर्व स्वीकृत मितिः २०८१/०४/२४ | चलानी नं.: ६०२२३३४२ | L.T. No.: 308674

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bell Boy | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 10 | 5 | | 100 | ३५,५६३ | | | | | | | |
| 3. | Cook | 5 | 5 | | 150 | ५३,३४४ | | | | | | | |
| 4. | Kitchen Aide | 15 | 0 | | 120 | ४२,६७५ | | | | | | | |
| 5. | Room Attendant | 20 | 10 | | 120 | ४२,६७५ | | | | | | | |
| 6. | Security Guard | 5 | 0 | | 150 | ५३,३४४ | | | | | | | |
| 7. | Waiter/ Waitress | 10 | 10 | | 130 | ४६,२३१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २ गते (18 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


EASY OVERSEAS PVT. LTD.
Gov Lic No. : 1261/074/75
Basundhara, Kathmandu, Tel.:01-4016539
Mobile No: 9851176605



# ‘नदीजन्य कच्चापदार्थ उत्खननको नीति नहुँदा खबौं आम्दानी राज्यले गुमाइरहेको छ’

लामो समयदेखि अनुमतिपत्र नवीकरणको समस्याले नेपालमा सञ्चालित क्रसर उद्योग अन्योलमा छन् । नेपालको नदीजन्य पदार्थको प्रशोधन गर्ने काम क्रसर उद्योगले गरिरहेका छन् । उद्योगहरुको कच्चापदार्थको रुपमा रहेको ढुंगा, गिट्टी, बालुवा प्रशोधनबाट राम्रो आम्दानी हुन सक्ने भएपनि राज्यको व्यवस्थाको कारण सो कच्चापदार्थ अहिले वर्षायाममा बगेर भारतसम्म पुग्ने गरेको छ । आर्थिक समृद्धिको आधारको रुपमा प्रयोग गर्न सकिने प्राकृतिक साधन स्रोतको सदुपयोग नहुँदा राज्यले प्राप्त गर्नसक्ने खर्बौं बराबरको आम्दानी गुम्न पुगेको छ । प्रस्तुत छ, हाम्रा नदीजन्य कच्चा पदार्थको कसरी परिचालन गर्ने र क्रसर व्यवसायमा देखिएको समस्या लगायतको विषयमा नेपाल क्रसर तथा खानी उद्योग महासंघका अध्यक्ष सिताराम न्यौपानेसँग मध्यान्हका छबि सापकोटाले गरेको कुराकानी ।

**सिताराम न्यौपाने**, अध्यक्ष, नेपाल क्रसर तथा खानी उद्योग महासंघ

**पछिल्लो समयमा क्रसर तथा खानी उद्योगी व्यवसायको अवस्था कस्तो छ ?**

नेपालको प्रमुख कच्चापदार्थको स्रोतको रुपमा नदीजन्य पदार्थलाई लिन सकिन्छ। तर, पछिल्लो समय क्रसर व्यवसायमा समस्या बनाईएको हो। यो क्षेत्रको समस्याको विषयमा राज्यले ध्यान नदिँदा समस्या झन् थपिँदै गएको छ। प्राकृतिक स्रोतलाई प्रशोधन गरेर निर्माण क्षेत्रका लागि आवश्यक कच्चापदार्थ उत्पादन गर्ने काम क्रसर उद्योगले गरिरहेका छन् । हाम्रो खोलानालाबाट खेर गइरहको स्रोतलाई परिचालन गरेर देशको अर्थतन्त्रलाई टेवा दिने काम क्रसर क्षेत्रले गरको छ। घरदेखि विकास निमार्णको लागि अति आवश्यक कच्चापदार्थ क्रसरबाट आउने गरेको छ तर, २०७१ सालदेखि क्रसर व्यवसायीको नवीकरणको समस्यामा छन् । सरकारले अझै व्यवस्थित गर्न सकेको छैन । सरकारले व्यवस्थित गर्न नसक्दा अवैध कारोबार बढ्ने र वैध कारोवार घट्ने समस्या आइरहेको छ ।

**नवीकरणको समस्या किन समाधान हुन सकिरहेको छैन ?**

यसमा क्रसर क्षेत्रलाई ध्वस्त बनाउने बिचौलिया शक्ति सक्रिय छन् । क्रसर उद्योगहरुलाई कसरी विस्थापित गर्ने भनेर योजना बनाउने समूहले मापदण्डको नाममा समस्या निकाल्ने गरेका छन् । यो वा त्यो बाहनामा बिगतदेखि नै क्रसर उद्योगलाई समस्या बनाउने काम भएको छ। मापदण्डको नाममा अवैध काम गर्नेलाई संरक्षण गर्ने त्यहाँबाट लाभ लिने समूहको कारण नवीकरणको समस्या लामो समयदेखि समाधान हुन सकेको छैन । नवीरकरणको समस्या बनाउँदा अवैध किसिमको उद्योग चलाएर भष्ट्राचार गर्न पाउने अवस्था सृजना गरेको देखिन्छ । अहिले कानूनसंगत दर्ता प्रक्रिया पुरा गरेर दर्ता भएका क्रसर उद्योग ७ सय छन्। २ सय विस्थापित भएका छन्। तर, गृह मन्त्रालयले २०७९ मा निकालेको एक तथ्यांकले १२ सय ८३ क्रसर उद्योग सञ्चालनमा छ भन्छ, भनेपछि सरकारकै तथ्यांकमा यहाँ ७ सय ८३ अवैध उद्योग छन्। यिनै अवैध उद्योगबाट कारोबार गराउने दर्ता भएको ५ सय उद्योगलाई नवीकरण रोक्ने काम भएको देखिन्छ। सबै क्रसर उद्योगलाई एउटै भाँडोमा राखेर गलत काम गर्ने र विधिवत रुपमा काम गर्ने उद्योगलाई हेर्ने गरिएको छ। जुन गलत उद्देश्य राखेर अवैध कारोबार गर्ने समूह छन्, त्यो समूहलाई लाभ भइरहेको छ। त्यसैको कारणले नवीकरणको समस्या समाधान गर्न कोही तयार देखिँदैन ।

**नेपाली अर्थतन्त्रका लागि नदीजन्य पदार्थबाट राज्यले कसरी लाभ लिने ?**

यो उद्योगलाई व्यवस्थित गर्न र लाभ कसरी लिने भन्ने राज्यको नीतिमै भर पर्छ। व्यवसायीले सुझाव मात्र दिने हो। खेर गइरहेको नदीजन्य पदार्थबाट लाभ दिनका लागि सरकार, राजनीतिक दल र कर्मचारीहरुको प्रमुख भूमिका हुन्छ। तर, अहिलेसम्म राष्ट्रको हितमा कसैले भूमिका खेल्न सकेका छैनन्। हाम्रो नदीजन्य पदार्थ अहिले वर्षामा बगेर भारत गइरहको छ तर, सरकारले यसलाई व्यवस्थित गर्ने विषयमा कहिल्यै ध्यान केन्द्रित गर्दैन ।

सरकारले क्रसर क्षेत्रलाई दिगो व्यवस्थापन गर्ने हो भने तीन तहकै सरकार सक्रिय हुने हो भने हामी नदिजन्य पदार्थबाटै समृद्ध बन्ने सक्छौं । आर्थिक रुपमा देशको रुपान्तरण गर्नका लागि हाम्रो कच्चापदार्थलाई सदुयोग गर्नु पर्ने नीति आउनु पर्छ। हाम्रोमा कथा र व्यथा भन्ने धेरै छन् तर, काम गरौं भन्ने कोही छैन । त्यसैले स्वदेशी कच्चापर्दाथमा आधारित उद्योग राष्ट्रिय पहिचान हुन आवश्यक छ। हाम्रोमा अन्तर्राष्ट्रिय कच्चापदार्थबाट आएको उद्योगहरुलाई संरक्षण गर्ने तर, स्वदेशी कच्चापदार्थ प्रयोग गर्ने उद्योगलाई गलाउने काम मात्र हुने गरेको छ । स्वदेशी नदीजन्य उद्योगलाई कसरी संरक्षण र सहजीकरण गर्ने भन्ने नै हाम्रोमा छैन । हाम्रो युवाशक्तिलाई श्रमको निम्ति बाहिर पठाएर रेमिटान्सबाट विदेशी मुद्रा आर्जन गर्ने सोच बनाउने की स्वदेशकै कच्चापदार्थबाट सञ्चालन हुने उद्योग बचाउने र स्वदेशमै रोजगारी दिने भन्ने हो ?

यसरी कति दिन देश चल्छ होला ? बाहिर जाने नेपाली जनशक्तिलाई रोक्ने नीति खै ? आफनै देशमा काम गरेर खान पाउने अधिकार कहिले बनाउने ? त्यसैले नेपालमै लगानीको वातावरण बनाउने र विदेश गएकोलाई समेत देश फर्कनपर्छ भन्ने सोच बनाउन सरकारले वातावरण बनाउनु पर्छ । त्यसैले सरकारले निजी क्षेत्रसँग हातोमालो गरेर अगाडि बढ्न आवश्यक छ। सरकारले स्वदेशी कच्चापदार्थमा आधारित भएर सञ्चालित उद्योगलाई राष्ट्रिय महत्वको उद्योग घोषणा गर्नुपर्छ । यस्ता उद्योगलाई सेवा र सहुलियत दिने, विदेशबाट आएको नेपालीको लागि लगानीको वातावरण बनाउने जस्ता कुरामा ध्यान दिन आवश्यक छ । त्यसो भयोभने मात्र स्वदेशमै रोजगारी सृजना हुन्छ । आर्थिक उन्नति भयो भने मात्र अहिले जनतामा देखिएको निराशा हट्छ ।

**स्वदेशी कच्चापदार्थबाट सञ्चालित उद्योगलाई कसरी परिचालन गर्न सकिन्छ ?**

अहिले हाम्रो कच्चापदार्थ वैज्ञानिक रुपमा प्रयोग भएको छैन । कच्चापदार्थ उत्खननलाई हाउगुजी बनाईएको छ। कहिले राष्ट्रियता, कहिले वातावरणको नाममा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शक्ति लाग्ने गरेको देखिन्छ । यहाँ वातावरणको नाममा हाम्रा काठहरु कुहिरहेको छ भने नदीजन्य पदार्थ बाढीले बगाएर भारत पुगिरहेको छ । हामी हेरेर बस्नु परेको छ । हाम्रो नदीजन्य र खानीजन्य स्रोतलाई प्रयोग गरेर आन्तरिक विकास गर्न र बाँकी निर्यात गर्ने अवस्था हुन सक्यो भने मात्र नेपालको विकास हुन्छ। हामीले साधन स्रोतलाई दिगो ढंगले परिचान गर्ने हो भने छोटो समयमै आर्थिक सुधारको बाटोमा लाग्न सक्छौं। तर, सुधार गर्नका लागि सरकारदेखि आमजनता लाग्नुपर्छ। यहाँ सरकारको आयात गरेर राजस्व उठाउने नीति छ र निर्यात गर्ने नीति छैन। अझ आर्थिक उन्नतीको लागि गुरुयोजना नै छैन ।

**नेपाली कच्चापदार्थबाट उत्पादन भएको वस्तुको निर्यात कसरी गर्ने ?**

२०७१ सालमा सरकारले उद्योग मन्त्रालयको निर्देशनमा खानी तथा भूगर्व विभागले १४ जिल्लाका ९२ वटा स्थानमा निर्माणमुखी ढुंगाखानी सञ्चालन गर्न उपयुक्त छ भनेर प्रस्ताव पेश गरेको छ। खानी विभाग भनेको भूगर्वविद्को प्राविधिक विभाग हो । विभागले दिएको रिपोर्ट खै त कार्यान्वयन चरणमा प्रवेश गरेको ? देश बनाउने ९२ वटा खानीलाई सदुपयोग गर्न पर्दैन। हाम्रो नदीजन्य पदार्थ बाढीमा सित्तैमा बगिरहेको छ। १० करोड घनमिटर भन्दा धेरै नदीजन्य पदार्थ प्रत्येक वर्ष बगेर जान्छ। हामी त्यसलाई किन प्रशोधन गरेर आय-आर्जन गर्ने नीति बनाउँदैनौ ।

बगेर जाने कच्चापदार्थमात्र बेचौं न । त्यतिमात्र बेच्न सक्ने हो भनेपनि आजको अवस्थामा पाँच खर्ब भन्दा धेरै आम्दानी हुन्छ। त्यसलाई कसरी सदुपयोग गर्ने भन्नेतर्फ पो लाग्नुपर्छ । यहाँ त लहडको भरमा काम हुन्छ अनि कसरी देश समृद्ध हुन्छ । अहिले नदीजन्य पदार्थ भुटानबाट बंगलादेशमा जान्छ। हाम्रा उत्पादन भारत, बंगलादेश, दुवईमा बेच्न सक्ने अवस्था अहिले पनि छ। हाम्रो कच्चापदार्थको मार्केट धेरै छ तर, राज्यले चिन्ता लिनुपर्छ। कृषिजन्य, वनजन्य, नदीजन्य स्रोतलाई परिचालन गरेर आत्मनिर्भर बन्न सकिन्छ । त्यसको निम्ति सरकारले सहजीकरण गर्ने भन्ने बित्तिकै धेरै समस्या सामाधान हुन्छ । अहिले चाहिने कुरामा भन्दा नचाहिने कुरामा बहस गरेर समय खेर फाल्ने काम मात्र भइरहेको छ ।

## मल कारखाना स्थापनामा चीनले सहयोग गर्ने

**काठमाडौं/मस** – मल कारखाना स्थापनामा चीन सरकारले सघाउने भएको छ । आगामी एक वर्षभित्रमा कारखाना स्थापनासम्बन्धी सम्पूर्ण काम पूरा गर्न चीन सरकार तयार रहेको नेपालका लागि चीनका राजदूत छन् सङले बताएका छन् । मूलधारका सञ्चारमाध्यमका सम्पादकहरुसँग बिहीबार साँझ आफ्नो निवासमा आयोजना गरेको छलफलमा चिनियाँ राजदूतले लगानी बोर्डले कारखाना स्थापनासम्बन्धी प्रस्ताव स्वीकृत गर्नेबित्तिकै काम थालिने बताए ।

‘नेपालमा प्रचुर मात्रामा उपलब्ध बिजुली र पानीको भरपूर उपयोग गरेर मल कारखाना सञ्चालन गर्ने हाम्रो लक्ष्य छ, नेपालसँगको सम्बन्ध र यसको उन्नयन हाम्रो प्राथमिकता हो’, चीन सरकारले सधैं नेपालको सामाजिक-आर्थिक विकासमा सहयोग गर्न चाहेको बताउँदै उनले भने। नेपाल-चीन अन्तर्देशीय प्रसारण लाइन निर्माणको सम्भाव्यता अध्ययन गर्न चिनियाँ प्राविधिकहरुको टोली हाल नेपालमा रहेको जानकारी दिँदै उनले पेट्रोलियम पदार्थको आयात घटाएर नेपालको वैदेशिक मुद्रा सञ्चितिमा योगदान गर्ने चिनियाँ चाहना राजदूत छन्ले व्यक्त गरे । जलविद्युतको विकासबाट नै ‘समृद्ध नेपाल, सुखी नेपाली’ राष्ट्रिय आकांक्षा पूरा गर्न अन्तर्देशीय विद्युत व्यापार फलदायी हुने उनले बताए।



अल्पविकसित राष्ट्रहरुको सूचीबाट स्तरोन्नति हुने नेपालको राष्ट्रिय लक्ष्यमा सघाउन चीनले नेपाललाई सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्दै चिनियाँ राजदूतले हालै सम्पन्न चिनियाँ कम्युनिष्ट पार्टीको तेस्रो बैठकले नेपालसहित विश्वका अन्य मुलुकलाई रोजगारीका निम्ति आफ्नो श्रमबजार खुला गरेको जानकारी दिए। चीनमा उच्च शिक्षा हासिल गर्ने नेपाली विद्यार्थीलाई त्यहीँ अन्तरंग प्रशिक्षणको व्यवस्थाका साथ रोजगारीका अवसर पनि उपलब्ध हुने उनले बताए। सिपिसीको तेस्रो बैठकपछि चीनमा लगानीका अवसरहरु पहिल्याउन उच्चस्तरीय अमेरिकी प्रतिनिधिमण्डल चीन भ्रमणमा रहेको बताए ।

राष्ट्रपति सी चीनफिङको अध्यक्षतामा सम्पन्न बैठकले तीनसयभन्दा बढी कानुनी सुधारका घोषणा गरेको जानकारी दिँदै राजदूत छन्ले चीनले नेपालको विकासका निम्ति द्विपक्षीय सहायता बढाउने बताए । ‘हामी नेपालको आर्थिक वृद्धिमा योगदान गर्न चाहन्छौं, पर्यटन प्रवर्द्धन तथा जलविद्युत्को उत्पादनबाट त्यो सम्भव छ’, नेपालमा उत्पादित बिजुली चिनियाँ बजारमा खपत गर्न सकिने उल्लेख गर्दै उनले भने।

चीनले घोषणा गरेका सुधारबाट चीन र नेपालबीचको साझेदारी अझ घनिभूत हुने तथा चीनले हासिल गरेको विकासको प्रतिफल नेपालले पनि उपभोग गर्न पाउने विचार राजदूत छन्ले व्यक्त गरे । देशको चौतर्फी विकासलाई नेपालका राजनीतिक दलका नेता तथा कर्मचारीले केन्द्रमा राखेर काम गर्न जरुरी भएको आफ्नो विश्लेषण सुनाउँदै अबको पाँच वर्षमा नेपालले विकासको गति लिनेमा आफू ढुक्क रहेको बताए । परिश्रमी नेपाली जनताको विकासप्रतिको चाहाना पूरा गर्न नेपालको नेतृत्व सफल हुने उनले बताए ।

चिनियाँ पर्यटकको प्रमुख गन्तव्य नेपालमा पर्यटनका पूर्वाधार अपर्याप्त भएकाले अधिकभन्दा अधिक पर्यटकीय संरचना निर्माणमा चिनियाँ राजदूतले जोड दिए । उनले प्रविधि हस्तान्तरणका साथै अन्य प्राविधि सहायता विस्तार गर्न चीन तयार रहेको बताए । एक फरक प्रसंगमा उनले विकासका पूर्वाधार तयार गर्ने उदेश्यले राष्ट्रपति सीले अघि सार्नुभएको ‘बेल्ट एण्ड रोड इनिसिएटिभ’ मा आबद्ध सबै राष्ट्रको हित हुने र त्यसप्रति विमति जनाउनुपर्ने कारण नरहेको बताउदै केही प्राविधिक काम पूरा नहुँदा नेपालसँग विआरआई कार्यान्वयनसम्बन्धी दस्तावेजमा हस्ताक्षर हुननसकेको स्पष्ट गरे । उनले केही समयभित्रै नेपाल-चीनबीच विआरआई साझेदारीसम्बन्धी सम्झौतामा हस्ताक्षर हुने बताए । बिआरआई सहकार्य, सहयोग तथा ‘कनेक्टिभिटी’का लागि महत्वपूर्ण मञ्चका रुपमा स्थापित भएको तथा त्यसले अर्थतन्त्रहरुलाई एकीकृत गर्न, बजारहरुलाई जोड्न तथा पूर्वाधारहरुमा लगानी प्रोत्साहन गर्ने एवं विश्वव्यापी रुपमा स्रोत साधनको अभाव रहेको परिप्रेक्ष्यमा दिगो विकासका लक्ष्यहरु कार्यान्वयन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने उनको तर्क छ। ‘ट्रान्स हिमालयन मल्टि-डाइमेन्शनल कनेक्टिभिटी नेटवर्क’ अन्तर्गत सीमा वारपार रेल, सडकहरु, बन्दरगाहहरु, हवाई यातायात, सूचना प्रविधिलगायत बिआरआईले समेटेका क्षेत्र नेपालमात्र होइन सबैका निम्ति लाभदायक रहेका उनको कथन छ।

‘हामीले चीन-नेपाल सम्बन्धको विकासलाई महत्व दिएका छौँ, हामी दुई देशका जनताको हितका लागि अनन्तकालसम्म रहिरहने मैत्री सम्बन्धसहितको चीन-नेपाल विस्तृत सहयोगात्मक साझेदारीलाई अझ सुदृढ बनाउन तत्पर छौँ’, चिनियाँ राजदूतले भने ।

## ठूला दलको सरकारबाट आर्थिक सुधारको अपेक्षा छ : अध्यक्ष ढकाल



**कैलाली/मस** – नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले संसदका ठूला दलहरु मिलेर बनेको सरकारबाट राजनीतिक र नीतिगत स्थायित्व कायम भै निजी क्षेत्र विस्तार हुने अपेक्षा गरेका छन् । कैलाली उद्योग वाणिज्य संघको बार्षिक साधारणसभालाई शनिवार सम्बोधन गर्दै अध्यक्ष ढकालले नीतिगत अस्थीरता आर्थिक विस्तारको सबैभन्दा ठूलो समस्या रहेको सन्दर्भमा अब सुधारको सम्भावना रहेको बताएका हुन् ।

मुलुकको बाह्य क्षेत्र सुदृढ रहेको र शेयर बजारले पनि गति लिन थालेको सन्दर्भ उल्लेख गर्दै अध्यक्ष ढकालले बजारमा माग सिर्जना गर्न र उत्पादनमूलक क्षेत्रको वृद्धिका लागि सरकारले थप सुधार गर्नुपर्ने बताए । संघीयसँगै प्रदेश सरकार पनि स्थायी हुने सम्भावना देखिएको छ । यस सन्दर्भमा प्रदेशमा आर्थिक गतिविधि विस्तार गर्न प्रदेश र स्थानिय सरकारले पनि सहजीकरण गर्नुपर्ने अध्यक्ष ढकालको भनाइ थियो । कुल गार्हस्थ्य उत्पादनमा प्रदेशहरु मध्ये छैठौं स्थानमा रहेको र सबैभन्दा बढी गरिबी रहेको सुदुरपश्चिममा सम्भावना भने उच्च रहेको अध्यक्ष ढकालले बताए। जलस्रोत पर्यटन मात्रै नभइ यहाँको जनशक्ति निक्कै मिहिनेती रहेको र युवाहरु बिकासको सम्बाहक हुने उनको भनाइ थियो ।

जिल्लामा रहेका साना मझौला उद्यमलाई सहयोग पुग्ने गरि महासंघले काम गरिरहेको पनि अध्यक्ष ढकालले बताए। कुनै समस्या भए समाधानका लागि महासंघले पहल गर्ने उनले प्रतिबद्धता जनाए। कैलाली उद्योग वाणिज्य संघको पचासौं बार्षिक साधारणसभाको अध्यक्ष ढकाल प्रमुख अतिथि हुन । कार्यक्रममा संघका अध्यक्ष पुष्प कुँवरले सुदुरपश्चिम प्रदेशमा आर्थिक गतिविधि विस्तारमा संघले प्रभावकारी भूमिका निर्वाह गरिरहेको बताए । साथै सुदुरपश्चिमका उत्पादनको बजारीकरण, वित्तिय पहुँच लगायतका क्षेत्रमा सरकारको सहयोग आवश्यक रहेको पनि उनको भनाइ थियो ।

## मापदण्डविपरीत सञ्चालित डेरी उद्योग कारबाहीमा

**जनकपुरधाम/मस** – खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले तोकिएको मापदण्डअनुसार दुग्धजन्य पदार्थ उत्पादन नगर्ने दुई डेरी उधोगमाथि कारबाही गर्ने भएको छ। मापदण्ड विपरीत सञ्चालित जनकपुर-१४ स्थित जानकी र छिरेश्वरनाथ नगरपालिका-५ स्थित विशाल डेरी उद्योगमाथि जिल्ला अदालत जनकपुरमा मुद्दा दायर गरी कानुनी कारबाहीको प्रक्रिया अघि बढाइएको हो ।

कार्यालयले अनुगमनका क्रममा दुवै उद्योगबाट उत्पादित सामग्रीको नमूना संकलन गरी जाँच गर्दा कैफियत पाएपछि कारबाही गरिएको कार्यालयका सूचना अधिकारी प्रवीण तिवारीले जानकारी दिए । ‘माँ जानकी डेरी उद्योगबाट उत्पादित खुवा, घ्यू तथा प्रशोधित दूधको नमूना संकलन गर्दा मापदण्डअनुसार नभएको पाइएको छ। विशाल डेरी उद्योगको पूजामा प्रयोग गरिने घ्यूको जाँच गर्दा कैफियत पाइएको हो,’ उनले भने। बजारमा विशाल डेरीबाट उत्पादित घ्यू नष्ट गरिएको छ ।

कार्यालयले गत आवमा यहाँ ४६ वटा औद्यौगिक तथा व्यावसायिक फार्मबाट उत्पादित सामग्रीको अनुगमन, छड्के निगरानी गरी मिसावट भएका, गुणस्तरहीन तथा म्याद नाघेका वस्तु नष्ट गरेको थियो । संकलित नमूनामध्ये प्रयोगशालामा जाँच गर्दा दुई डेरी उद्योग मापदण्ड विपरीत सञ्चालन भएको पाइएको कार्यालयका सूचना अधिकारी तिवारीले जानकारी दिए ।



कार्यालयबाट जनकपुरसहित धनुषाको विभिन्न बजार तथा चोकमा अनुगमन भएको थियो । व्यावसायिक होटल, रेष्टुरेण्ट, मासु पसल, किराना पसल, मिष्ठान भण्डार, बोर्डिङ स्कुलका क्यान्टिन, अस्पतालका क्यान्टिनको अनुगमन गरिएको थियो । अनुगमनका क्रममा ती व्यावसायिक फार्मबाट रु दुई लाख मूल्य बराबरको अखाद्य वस्तु नष्ट गरिएको तिवारीले बताए। गत आवमा मधेस प्रदेशको आठ जिल्लाबाट तीन हजार पाँच सय ८७ खाद्यपदार्थको नमूना जाँच गर्दा ७४ वटा नमूना प्रतिकूल पाइएको थियो । तीमध्ये ३१ मुद्दा दायर, १६ को बयान सकिएको र अन्यको बयान लिन बाँकी रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरले जनाएको छ।

प्रकाशकः सीतादेवी श्रेष्ठ, कार्यालयः कमलपोखरी, काठमाडौं, फोनः ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रकः एक्सप्रेस कलर प्रेस, सम्पादकः मदनकुमार श्रेष्ठ